म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १५२ आइतबार, २८ पुस २०८१ ने. सं. ११४५ पोहेलाथ्व 12 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरका १०७ तेक्वान्दो खेलाडीको बेल्ट टेस्ट

हेटौंडा, २७ पुस/राष्ट्रिय तेक्वान्दो संघ जिल्ला कार्यसमिति मकवानपुरअन्तर्गतका डोजाङ तथा विद्यालयमा प्रशिक्षणरत खेलाडीको बेल्ट टेस्ट सम्पन्न भएको छ । संघको वार्षिक कार्यक्रम अनुसार शनिबार बेल्ट टेस्ट भएको हो ।

कार्यक्रममा मकवानपुरका विभिन्न ७ वटा डोजाङका ह्वाईट बेल्टदेखि रेड बेल्टसम्मका १०७ जना खेलाडीको सहभागिता रहेको राष्ट्रिय तेक्वान्दो संघ बागमती प्रदेश सचिव भोजराज पराजुलीले जानकारी दिए । बेल्ट टेस्टको नतिजा एक साताभित्र आउने पराजुलीले बताएका छन् । संघका केन्द्रीय सदस्य नारायणसिंह थिङको उपस्थितिमा भएको कार्यक्रममा जिल्ला अध्यक्ष मदनकुमार श्रेष्ठ, उपाध्यक्ष केशवबहादुर कार्की, सचिव रवीन्द्र राई, सहसचिव रावनकीष्म राई र कोषाध्यक्ष दीपेन्द्र नेपालीको सहभागिता रहेको थियो ।

### सुन्दर बचतको १६ औं वार्षिक साधारणसभा

# कर्जा सूचना केन्द्र बनाउँदैछौं: *देवकोटा*

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ प्रदेश सहकारी विकास बोर्ड बागमती प्रदेशका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाले अब चाँडै कर्जा सूचना केन्द्र स्थापना गरेर सहकारी क्षेत्रमा रहेको बिकृति अन्त्य गर्ने तयारीमा आफूहरु लागेको बताएका छन् ।

हेटौंडा उपमहानगर पालिका-१ मा रहेको सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औं वार्षिक साधारण सभा शनिबार उद्घाटन गर्दै उपाध्यक्ष देवकोटाले एउटै व्यक्तिले धेरै वटा सहकारीबाट ऋण लिने तर समयमा साँवा ब्याज भुक्तानी नगर्ने गरेकाले सहकारी संस्थाहरु आर्थिक संकटबाट गुज्रिरहेको बताए । उनले कर्जा सूचना केन्द्र स्थापना गरेर एक सहकारीबाट लिएको ऋण चुक्ता नगरी अन्यबाट लिन नपाउनेसम्मको व्यवस्था गर्ने र सहकारीको ऋण चुक्ता नगरे तीन पुस्तासम्मबाट असुल गर्न सकिने व्यवस्था गर्न लागिएको बताए ।



बोर्डले हालसम्म ६७ सहकारी संस्थालाई कारबाही गरेको र समस्याग्रस्त २ हजार वटा सहकारी संस्थाहरुको छानविन भइरहेको उपाध्यक्ष देवकोटाले बताए । हाल सहकारीमा देखिएको समस्यामध्ये सबैभन्दा बढी ऋण लिएर जाने सदस्यहरुले समयमै साँवा ब्याज नतिर्दा देखिएको उनको भनाई छ । केही सहकारीमा कर्मचारीद्वारा हिनामिना, केहीमा संचालकको बदमासी रहेकोप्रति औंल्याउँदै जति छ तिर्दै जाने वातावरण सिर्जना गर्नुपर्नेमा उनको जोड थियो । 'अब कुल पूँजीको १५ प्रतिशत भन्दा बढी एउटै व्यक्तिलाई ऋण दिन नपाइने व्यवस्था छ', उपाध्यक्ष देवकोटाले लिएको ऋणलाई सदस्यहरुले फजुल खर्च नभई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न जोड दिनुभयो । उनले सदस्यहरुलाई रोजगारमूलक तालिम दिन, बजारीकरणमा जोड दिन र संस्थाहरुबीच एकीकरण गरी ठूला सहकारी संस्था बनाउनेतर्फ अग्रसर हुन आवश्यकता भइसकेको बताए ।

संस्थाका अध्यक्ष शम्भु नकर्मीको अध्यक्षतामा भएको कार्यक्रममा कोषाध्यक्ष दीपक देवकोटाले आर्थिक प्रतिवेदन र लेखा संयोजक एसिस रिजालले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कुल ८५२ जना शेयर सदस्य आबद्ध रहेको सहकारीको शेयर पुँजी १ करोड ७ लाख ४८ हजार ८ सय रुपैयाँ रहेको छ भने बचत संकलन ३ करोड ९४ लाख ७१ हजार रुपैयाँ रहेको सहकारीको प्रतिवेदनमा उल्लेख रहेको छ । सहकारीको भावी कार्यक्रमहरु अन्तर्गत असल ऋणी तथा असल बचतकर्ता शेयर सदस्यहरुलाई संस्थाको ऋण नीति अनुसार प्रदान गरिने ऋणमा अन्य सदस्यभन्दा २५ प्रतिशत थप ऋण दिने र अचल सम्पत्ति धितो राखी प्रवाह गरिने ऋणको दायरा पचास लाख रुपैयाँ पु¥याइने उल्लेख छ । आगामी कार्यक्रममा चैत मसान्तसम्म भाखा नाघेको ऋण तिर्दा लाग्ने हर्जना छुट दिने, समान उद्देश्य भएको सहकारी संस्थाहरुमा एकीकरणको प्रक्रिया अगाडि बढाउने उल्लेख छ ।

संस्थाका ऋण उपसमिति संयोजक इन्द्रकुमार मोक्तानले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रममा एसइइ परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने शेयर सदस्य महानुभावहरुको छात्र/छात्रामा मणिराज पुडासैनी र आर्यन जोशीलाई पुरस्कृत गरिएको थियो । कार्यक्रममा असल बचतकर्ता मोहन कर्माचार्य, असल ऋणी अस्मिता श्रेष्ठ खड्कालाई गोलापर्थाबाट छनोट गरी पुरस्कृत गरिएको थियो । कार्यक्रममा सर्वोत्तम संचिती बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रामबहादुर बस्नेत, ऋण असुली उपसमितिका संयोजक विष्णुलाल श्रेष्ठलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# मेयर लामाले भनिन, 'सडक विस्तारको समस्या छिट्टै हल हुन्छ'

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले हेटौंडा बजारक्षेत्रको सडक विस्तारको समस्या छिट्टै हल हुने बताएकी छिन् ।

विगत लामो समयदेखि अवरुद्ध भएको हेटौंडा बजारक्षेत्रको सडक विस्तारको विवाद समाधान हुने चरणमा रहेको उनले बताइन् । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मकवानपुरको छैठौं जिल्ला अधिवेशनको उद्घाटनमा बोल्दै मेयर लामाले एशियन हाइवे अन्तर्गत रहेको हेटौंडा बजारक्षेत्रको राष्ट्रिय राजमार्गको समस्या हल हुने चरणमा रहेको बताइन् ।



एशियाली विकास बैंकले हेटौंडा बजारक्षेत्रको सडक निर्माणको विषयमा अध्ययन गरिरहेको र अध्ययनको प्रतिवेदन सरकारलाई बुझाउने तयारी रहेको उनले बताइन् । आगामी चैतसम्ममा एडिवीले प्रतिवेदन सरकारलाई बुझाएर राष्ट्रिय राजमार्गअन्तर्गत पर्ने हेटौंडा बजारक्षेत्रको सडक विस्तारको काम अघि बढ्ने उनको भनाई छ । हेटौंडा बजारक्षेत्रको २५ मिटर सडक विस्तारको विवादका कारण विकास निर्माणसँगै नागरिकमा पनि समस्या भइरहेको उनले बताइन् ।

हेटौंडा बजारक्षेत्रको सडककिनारमा रहेका जग्गाको मुआब्जा नदिएपनि क्षती भएको भौतिक संरचनाको क्षतीपूर्ति दिएर २५ मिटर सडक निर्माण गर्न उपमहानगरपालिकाले लविङ गरिरहेको उनले बताइन् । उनका अनुसार हेटौंडा उपमहानगर पालिकाले शिक्षा र स्वास्थ्यक्षेत्रलाई प्राथमिकताका साथ अघि बढाएको छ । उपमहानगरपालिकाले नागरिकको स्वास्थ्यसेवाको पहुँच वृद्धिगर्ने उद्देश्य अनुसार २ वटा नगर अस्पताल संचालनमा ल्याएको मेयर लामाले बताइन् । हेटौंडामा नै स्नातक तहमा कानुन विषय अध्यापनको व्यवस्था गरिएको र कृषि प्राविधिक तथा इन्जिनियरिङ विषयको अध्यापनको पहल भइरहेको उनले बताइन् ।

**अध्यक्षमा वाइवा**

फोनिज मकवानपुरमा नवराज वाईबाको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको छ । समितिको उपाध्यक्षमा सन्देश थिङ, सचिवमा मनिता राना, कोषाध्यक्षमा भुवन घलान, सहसचिवमा निशा गुरुङ चयन भएका छन् । त्यस्तै सदस्यहरुमा जमुना थिङ, सम्झना थापामगर, अन्जना न्यासुर, रवीन्द्र वाईबा, भुपेन्द्र रानामगर, विवेक सिन्तान र दिव्यदृष्टि लामा चयन भएका छन् । फोनिजका अध्यक्ष अशोक सुजन श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा अग्रज पत्रकार मोहन सांगामीलाई नगद सहित सम्मान गरिएको थियो ।

# चौपाया व्यवसायीको व्यवस्थापन गर्छौं : *प्रवक्ता न्यौपाने*

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता एवम् १ नं. वडा अध्यक्ष सविन न्यौपानेले चौपाया व्यवसायीहरुको उचित व्यवस्थापन गरिने बताएका छन् ।

मकवानपुर चौपाया व्यवसायी हकहित संघको प्रथम वार्षिक साधारणसभा उद्घाटन गर्दै प्रवक्ता न्यौपानेले चौपाया व्यवसायीहरु उचित स्थानको खोजीमा रहेको तर हालसम्म व्यवस्थित हुन नसकेको प्रति चिन्ता व्यक्त गरे । प्रदेश सरकारले हेटौंडा १ नं. वडाको चौकीटोल झोलुङ्गे पुल नजिक आवश्यक परामर्श बिना खसी बजारको लागि संरचना निर्माण गरेको तर उक्त स्थान व्यवसायीहरुको लागि अनुपयुक्त भएकोले हाल व्यवसायीहरु जरुवाटोलस्थित सब्जीमण्डी पछाडी अव्यवस्थित रुपमा बस्न बाध्य भएको उनले बताए ।



प्रवक्ता न्यौपानेले व्यवसायीलाई असहज भएकै कारण सब्जीमण्डी पछाडी अस्थायी टहरा बनाएर भएपनि केही सहजता प्रदान गरिएको बताए । 'हेटौंडा उपमहानगरपालिका चौपाया व्यवसायीहरुको उचित व्यवस्थापन गर्न तत्पर छ', प्रवक्ता न्यौपानेले सोही स्थानमा थप टहरा निर्माण र व्यवस्थित शौचालय बनाएर व्यवसायीहरुलाई सहज बनाउन आफूहरु तयार रहेको बताए ।

संघ अध्यक्ष राजु कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा प्रवक्ता न्यौपानेले चौपाया व्यवसायी अब 'दलाली' नभएर किसान र उपभोक्ता बीचको 'मध्यस्थकर्ता' रहेको बताए । उनले किसानको उत्पादनलाई उचित मूल्य प्रदान गरेर उपभोक्तालाई मासु बिक्री गर्ने व्यवसायीसँग थोरै मुनाफा खाएर काम गर्ने हुँदा उनीहरुको महत्व अत्यन्तै रहेको बताए ।

कार्यक्रममा नेपाल फलफुल तथा तरकारी व्यवसायी संघ मकवानपुरका पुर्वअध्यक्ष खड्गबहादुर मोक्तान, संस्थाका उपाध्यक्ष नारायण प्रसाद न्यौपाने, सचिव हेमबहादुर थापालगायतले संस्थाको गतिविधिको बारेमा मन्तव्य व्यक्त गरेका थिए ।

# चलचित्रको आधारभूत ज्ञान र सीप सिकाउँदै सञ्चार रजिष्ट्रार



साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ बागमती प्रदेश सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी र ती विद्यालयमा अध्यापन गराउने शिक्षकलाई चलचित्रको आधारभूत ज्ञान र सीप सिकाउन थालेको छ ।

सञ्चार रजिष्ट्रारको कार्यालयले सोमबारदेखि ललितपुरको जावलाखेलस्थित आफ्नै कार्यालयमा पाँचवटा सामुदायिक विद्यालयका २० जना विद्यार्थी र पाँच जना शिक्षकलाई सहभागी गराएर पहिलोपटक पाँचदिने चलचित्र साक्षरता कार्यशालाको शुक्रबार समापन गरेको हो । कार्यक्रममा मन्तव्य राख्दै बागमती प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछाने जीवनउपयोगी सीप सिकाएर भविष्यमा रोजगारी सिर्जना गर्न मद्दत पुग्ने बताए ।

विद्यालयस्तरमा मौलिक चलचित्र निर्माणलाई प्रोत्साहन गर्न कार्यक्रमले मद्दत पुग्ने मन्त्री लामिछानेले बताए । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट स्वीकृत मौलिक चलचित्र निर्माण तथा प्रवर्द्धनमा सहयोग कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१ बमोजिम गत कात्तिक ५ गते पहिलोपटक र दोस्रोपटक कात्तिक २१ गते प्रकाशित सूचना बमोजिम प्राप्त आवेदक विद्यालयका विद्यार्थी र शिक्षकका लागि कार्यक्रम सञ्चालन गरिएको हो ।

विद्यालयमा चलचित्र साक्षरता कार्यक्रममा कक्षा ९, १० र ११ मा काठमाडौंका चारवटा सामुदायिक विद्यालय र भक्तपुरको एक सामुदायिक विद्यालयमा अध्ययरत २० जना विद्यार्थी र पाँचजना शिक्षकलाई मन्त्री लामिछानेले प्रमाणपत्र प्रदान गरे । सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटाका अनुसार शिक्षक र विद्यार्थीले चलचित्र निर्माणको पूर्वतयारी, चलचित्र निर्माणको चरण र चलचित्र निर्माणपछिको चरणका आधारभूत सीप सिकेका छन् ।

सापकोटाका अनुसार बागमती प्रदेशको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, भाषिक, धार्मिक, ऐतिहासिक, पुरातात्विक, प्राकृतिक महत्व झल्किने, प्रदेशको पर्यटन र संस्कृति प्रवर्द्धन गर्न योगदान पुग्ने, परम्परागत ज्ञान र सीप प्रतिबिम्बित हुने सिर्जनात्मक, भावनात्मक तथा सन्देशात्मक र कलात्मक चलचित्र, बृत्तचित्र उत्पादन, निर्माण र प्रवर्द्धन गर्ने उद्देश्यले प्रदेश सरकारले यो कार्यक्रम आयोजना गरेको हो । प्रशिक्षार्थीलाई चलचित्र निर्माण, पटकथा लेखन, उत्पादनका बारेमा प्राविधिकपक्षका साथै सैद्धान्तिक र व्यवहारिक प्रशिक्षण दिएर नयाँ जनशक्ति तयार गर्ने ध्येय राखिएको रजिष्ट्रार सापकोटाले बताए ।

# नगद ५० हजार सहित लोकगायक लामा सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/वासुदेव रिजाल स्मृति प्रतिष्ठान मकवानपुरले लोकगायक सोमबहादुर लामालाई सम्मान गरेको छ ।

शनिबार हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा एक औपचारिक कार्यक्रमको आयोजना गरी प्रतिष्ठानले लामालाई नगद ५० हजार रुपैयाँ सहित सम्मान गरेको हो ।

सम्मानित लामा अशक्त अवस्थामै कार्यक्रममा उपस्थित भएका थिए । लामाले आफ्नै शब्द र स्वरमा 'आलु र तामा हजुर छेपारोलाई जामा, भ्यागुतोलाई स्टकोट' गीत रेकर्ड गराएका थिए । कार्यक्रममा समाजसेवी कृष्णप्रसाद नेपाललाई नगद १५ हजार रुपैयाँ राशिबाट सम्मानित गरिएको थियो । प्रतिष्ठानका अध्यक्ष आरसी रिजालको सभाध्यक्षतामा कार्यक्रम भएको हो । यसैबीच प्रतिष्ठानले वासुदेव रिजाल स्मृतिग्रन्थ प्रकाशन गरी विमोचन गरेको थियो ।

पुस्तकलाई साहित्यकार तथा सम्पादक निमेष निखिलले सम्पादन गरेका हुन् । स्मृतिग्रन्थमा विभिन्न क्षेत्रका व्यक्तित्वद्वारा लिखित तथा सञ्चालित ३१ लेख रचना समावेश छन् । कार्यक्रममा स्व. वासुदेव रिजालको व्यक्तित्व तथा योगदानबारे सहभागीले चर्चा गरेका थिए ।

कार्यक्रममा सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष संप्रस पौडेल र निवर्तमान अध्यक्ष राजकुमार लामिछानेले हास्यव्यङ्ग्य रचनावाचन गरेका थिए । कार्यक्रमको सहजीकरण प्रतिष्ठानकी सचिव अनिता न्यौपानेले गरेकी थिइन् ।

# कालीदेवी दुग्ध उत्पादक सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ मकवानपुरगढी गाउँपालिका-४ स्थित कालीदेवी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको २९ औं वार्षिक साधारणसभा तथा वनभोज कार्यक्रम सम्पन्न भएको छ । संस्थाका अध्यक्ष विक्रम योञ्जनको अध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा प्रमुखअतिथि बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीले कृषकले दूध विक्री गरेबापत्को भुक्तानी चाँडै पाउनुपर्ने उल्लेख गरे । उपभोक्ताले महंगो शुल्कमा दूध खरिद गर्नुपरेता पनि उत्पादक कृषकले भने उचित मूल्य नपाएकोमा चिन्ता व्यक्त गर्दै विचौलियाको अन्त्यका लागि सम्बन्धितपक्षले चासो देखाउनुपर्ने उनले बताए ।

मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानले कृषकको हितका लागि मकवानपुर गढी गाउँपालिकाले नीति नै बनाएर विभिन्न कार्यक्रम गरिएको भन्दै आगामी दिनमा पनि आवश्यक सहयोग समन्वय गर्न तयार रहेको बताए । कार्यक्रममा विभिन्न विधामा कृषकलाई सम्मान गरिएको थियो । सहकारीका व्यवस्थापक चन्द्रकान्त पुडासैनी, पत्रकार बलराम पुडासैनीसहित कर्मचारी तथा विभिन्न संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिलाई सम्मान गरिएको थियो ।

भेलाले अध्यक्षको र लेखा समितिको प्रतिवेदन सर्वसम्मतरुपमा पारित गरेको छ । कार्यक्रममा मकवानपुरगढी ४ का वडाअध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, ३ नम्वर वडाअध्यक्ष भागवत घिमिरे, सहकारीका निवर्तमान अध्यक्ष अर्जुनप्रसाद सापकोटा, पूर्वअध्यक्षहरु र सहकारीसम्बद्ध व्यक्तिहरुको उपस्थिति रहेको थियो । कृष्णप्रसाद बञ्जाराले कार्यक्रमलाई सहजिकरण गरेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सांस्कृतिक पर्यटन वडा

सीमान्तकृत चेपाङ जातिको बाहुल्यता रहेको मकवानपुरको राक्सिराङ गाउँपालिकाले एउटा वडालाई चेपाङ सांस्कृतिक तथा पर्यटनक्षेत्र घोषणा गरेको छ । गाउँपालिकाले चालेको यो कदमले चेपाङ संस्कृतिको संरक्षण, प्रवर्द्धन गर्न थप योगदान पुग्ने छ । गाउँपालिकाको बिहीबार भएको गाउँसभाले सांस्कृतिक पर्यटन वडा घोषणा गर्ने निर्णय गरेको हो । अधिकांश चेपाङ समुदायको मात्र बसोबास रहेको राक्सिराङ-७ वडालाई चेपाङ सांस्कृतिक तथा पर्यटन वडा घोषणा गरेको हो । गाउँसभाको बैठकमा कार्यपालिका सदस्य हबिल प्रजाले चेपाङ सांस्कृतिक तथा पर्यटनक्षेत्र घोषणासम्बन्धी प्रस्तावमा कार्यपालिका सदस्य रामबहादुर प्रजाले समर्थन जनाएका थिए । गाउँपालिका अध्यक्ष राजकुमार मल्लले यो प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत गरेकोमा सर्वसम्मतले पारित गरेको हो ।

सीमान्कृत चेपाङ समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक संरक्षण गर्ने तथा चेपाङको थातथलोको संरक्षण गरी पर्यापर्यटन प्रबर्द्धन र बिस्तार गर्ने उद्देश्यकासाथ चेपाङ सांस्कृतिक तथा पर्यटनक्षेत्र घोषणा गरिएको हो । विपन्न चेपाङ समुदायको जीविकोपार्जन कार्यक्रमअन्तर्गत संरक्षितक्षेत्रमा 'एकटोल एक उत्पादन' कार्यक्रम ल्याइने बताइएको छ । संरक्षितक्षेत्रमा कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले छुट्टै वार्षिक ५० लाख रुपैयाँ बजेट छुट्याउने भएको छ । राक्सिराङ-७ मा धिराङ, दामराङ जस्ता विकट बस्तीहरु छन् । यो वडाको बस्तीमा पुग्नका लागि चितवन जिल्लाको भण्डारा हुँदै जानुपर्ने बाध्यता छ । भर्खरै मात्र गाउँमा मोटर बाटो पुगेता पनि अझै व्यवस्थित हुन सकेको छैन । विपन्न चेपाङ जातिको उत्थानका लागि विभिन्न तहका सरकारले कार्यक्रम घोषणा गरेपनि त्यो प्रभावकारी नभएकाले स्थानीय तह आफैं जागरुक भएर विशेषक्षेत्र घोषणा गरिएको बताइएको छ । संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकारअनुसार नै आफूहरु अघि बढेको गाउँपालिकाले जनाएको छ । संविधानको अनसूची (८) र अनुसूची (९) बमोजिमको भाषा, संस्कृति र ललितकलाको संरक्षरण र विकास गर्ने कानुन स्थानीय तहले बनाउन सक्ने अधिकार दिएको छ । स्थानीय सरकार सञ्चालन ऐनमा पनि गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका कुनै स्थानलाई संरक्षितक्षेत्र घोषणा गर्न सक्ने उल्लेख रहेको छ । संविधानको मौलिक हकअन्तर्गत प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषाको प्रयोग सांस्कृतिक जीवनमा सहभागिता हुने एवम् भाषा, लिपि, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र समाधान गर्ने हक हुनेछ भनी उल्लेख गरेको छ । मकवानपुरको विकट राक्सिराङ, खैराङ, कालिकाटार, मनहरी, भर्तामा चेपाङको बाक्लो बस्ती छ ।

उनीहरुको पहिचान, संस्कृति र भेषभूषा जोगाउन आफैं लागि परेका छन् । चेपाङ समुदायको सबैभन्दा महत्वपूर्ण र ठूलो धार्मिक पूजा छोनाम (न्वागी) पर्व सामूहिकरुपमा मनाइन्छ । अन्य समुदायको प्रभाव र धर्म परिवर्तनले चेपाङ जातिको संस्कृति र पहिचानमा समस्या बढ्दै गएको छ । प्रकृतिपूजक चेपाङले आफ्नो धर्म परिवर्तन गरेपछि छोनाम लोप हुँदै गएको छ । चेपाङ समुदायमा पितृलाई नचढाई र पूजाआजा नगरी नयाँ फलफूल र अन्नपात खान हुँदैन भन्ने धार्मिक मान्यता छ । वर्ष दिनमा कम्तिमा पनि ६ महिना जंगली कन्दमूल खाएर प्राण धान्दै आएको लोपोन्मुख चेपाङ जातिले छोनाम (न्वागी) पर्व धुमधामसँग मनाउने गर्छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस २९ गते सोमबार १३ जनवरी २०२५ । पूर्णिमा, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२८ । माघस्नान आरम्भ । श्री स्वस्थानी व्रत शुरु । राष्ट्रिय भक्का दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आर्थिक लाभ | **तुला** | : धर्मबाट सन्तोष |
| **वृष** | : विदेशबाट लाभ | **वृश्चिक** | : कार्यमा अवरोध |
| **मिथुन** | : आफन्तमा विवाद | **धनु** | : स्वजनबाट विरोध |
| **कर्कट** | : स्थानान्तरणको योग | **मकर** | : शैक्षिककार्यमा बाधा |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : सन्तान पक्षबाट सन्तोष |
| **कन्या** | : पराक्रम वृद्धि | **मीन** | : आफन्तमा विवाद |

# लागूपदार्थ दुर्व्यसन बारेका भ्रम चिरौं



✍ डा. मधुर बस्नेत

मनोचिकित्सकको रूपमा काम गर्न थालेको विगत १४ वर्षमा सन् २०२४ मा लागूपदार्थ दुर्व्यसनका घटनाले मेरो व्यक्तिगत जीवनमै निकै ठूलो असर पारे । त्यसैले यो जानकारीमूलक लेख मार्फत आम पाठक वर्गलाई लागूपदार्थ दुर्व्यसनको यस भयावह समस्याका बारे केही जानकारी दिने प्रयास गर्दैछु ।

व्यक्तिगत घटनाहरू सामाजिक रूपमा सम्प्रेषण गर्नु चुनौतीपूर्ण कार्य हो, अझ विशेषगरी लागूपदार्थ जस्तो सामाजिक लाञ्छना लाग्ने समस्याका बारे शेयर गर्नु झनै गाह्रो कुरा हो । तर यो समस्याका बारे हामी सबैले खुलेर कुरा गर्नु निकै ढिलो भइसकेको छ र तल उल्लिखित घटनाका सन्दर्भमा यही समाजमा व्याप्त लाञ्छना र कलंक पनि धेरै हदसम्म जिम्मेवार छन् भन्ने निष्कर्ष र बोधका साथ व्यक्तिगत विवरण नराखी यी घटनाहरू शेयर गरेको छु ।

दु:खद् घटना १: लागूपदार्थ दुर्व्यसनका कारण गत वर्ष मैले आफ्नो एकदमै नजिकको आफन्तलाई युवावयमै गुमाउनुपर्‍यो र त्यो वियोगको शोकबाट हाम्रो परिवार अझै निस्कन सकेको छैन । अझ दु:खद् त उनको लागूपदार्थ दुर्व्यसनबारे परिवारका कसैलाई पनि जानकारी समेत भएन र दुर्व्यसनको उपचार पाउनुअघि नै हामीले उनलाई गुमाउनुपर्‍यो । यो लेख मूल रूपमा उनैप्रति समर्पित छ ।

दु:खद् घटना २: मैले नजिकबाट चिनेको चिकित्सककै परिवारका एक युवा चिकित्सक लागूपदार्थ दुर्व्यसनकै दुर्घटनाबाट अकालमा ज्यान गुमाउन पुगे । उनको दुर्व्यसनका बारे थाहा हुँदाहुँदै र उचित उपचारको पहुँच हुँदाहुँदै पनि विविध कारणवश उनले अकालमा ज्यान गुमाउन पुगे ।

सुखद घटना १: मैले अत्यन्तै आदर गर्ने चिकित्सा विज्ञानकै एक जना प्राध्यापकले नयाँ वर्ष २०२५ को पूर्वसन्ध्यामा अकस्मात् फोन गरेर धन्यवाद दिनुभयो । सुर्तीजन्य पदार्थको दुर्व्यसन भएको उहाँलाई म हरेक पटक भेट्दा आदरपूर्वक सम्झाउने गर्थें (उपचारको बारे यहाँ विस्तृतमा उल्लेख गरिएको छैन) र उहाँले पटक-पटक उक्त दुर्व्यसन त्याग्ने प्रयास पनि गर्नुभएको थियो । पटक-पटकको असफलता पश्चात् यस पटक चाहिं सफल भएकाले त्यसको श्रेय दिन फोन गर्नुभएको रहेछ ।

माथिका घटनाबाट हामीले केही महत्वपूर्ण पाठहरू सिक्न सक्छौं । घटना १ मा सहज उपचारको पहुँच हुँदाहुँदै पनि उनले खुलेर आफ्नो दुर्व्यसनका बारे परिवारलाई बताउन नसक्दा हामी परिवारले उनको दुर्व्यसनका बारे थाहा समेत नपाई दुर्घटनावश उनको ज्यान गुम्यो । उनले आफ्नो दुर्व्यसनका बारे यसरी परिवारलाई बताउन नसक्नुमा हाम्रो समाजमा दुर्व्यसनका बारे व्याप्त भ्रम र त्यसबाट सिर्जित दुर्व्यसन पीडित व्यक्तिहरूप्रति समाजमा व्याप्त लाञ्छना र भेदभाव एक प्रमुख कारण हो । घटना २ मा दुर्व्यसनको बारे जानकारी र उपचार को पहुँच हुँदाहुँदै पनि एक युवा चिकित्सक आफैंले दुर्व्यसनका कारण ज्यान गुमाउन पुगे ।

सतही रूपमा हेर्दा यो घटनाले 'भनेपछि दुर्व्यसन भए पछि डाक्टर आफैंले त ज्यान गुमाउने रहेछ, यसको प्रभावकारी उपचार नहुने रहेछ' भन्ने जस्तो लाग्न सक्छ तर यो घटनामा पनि मूल रूपमा दुर्व्यसनका बारे समाजमा व्याप्त भ्रम, लाञ्छना र कलङ्क प्रमुख रूपमा जिम्मेवार छ ।

अक्सर समाजमा व्याप्त यो गलत धारणाको प्रथम शिकार दुर्व्यसन भएका व्यक्ति आफैं हुन्छन्, अक्सर उनीहरू आफैंलाई दुर्व्यसन एक जटिल मनोरोग हो र यसको उपचार गर्नुपर्छ/उपचार सम्भव छ भन्ने विश्वास हुँदैन । विश्वास भए पनि सामाजिक लाञ्छना र कलङ्कका कारण उनीहरू आफैंलाई समस्या छ भनेर स्वीकार्न कठिन हुन्छ र खुलेर उपचारमा जान सक्दैनन् । उपचारमा गए पनि फेरि त्यही लाञ्छना र कलंकका कारण उपचारमा निरन्तरता दिन सक्दैनन् । उनको हकमा पनि धेरै हदसम्म यिनै कारणहरू लागू हुन्छन् ।

यसरी दुर्व्यसन एक जटिल मनोरोग भए पनि हाम्रो समाजमा अझै पनि यसलाई व्यक्तिको व्यक्तिगत/चारित्रिक कमजोरीको रूपमा हेरिन्छ र फलस्वरूप उनीहरू लाञ्छना र भेदभावको शिकार बन्न पुग्छन् । समाजले उनीहरूलाई कलंकित गराउँछ ।

विडम्बना दुर्व्यसन र दुर्व्यसनको मनोरोगबाट प्रभावित व्यक्तिहरूप्रतिको यो भ्रम र सामाजिक लाञ्छना/कलङ्क शिक्षित समाजमै पनि यति व्याप्त छ कि विविध प्रभावकारी उपचार विधिहरू उपलब्ध हुँदाहुँदै पनि लागूपदार्थ दुर्व्यसनको उचित रोकथाम र उपचारका निम्ति यो सबैभन्दा प्रमुख चुनौती बन्न पुगेको छ ।

तेस्रो सुखद् घटनाले के जनाउँछ भने दुर्व्यसन जटिल मनोरोग भएकाले यसको उपचार प्रक्रिया केही लामो हुनसक्छ, यो दीर्घरोग भएकाले दुर्व्यसन बार-बार दोहोरिन सक्छ तर निरन्तरको उपचारबाट यसबाट मुक्ति मिल्न सक्छ । त्यसैले यो लेख मुख्य रूपमा दुर्व्यसनको कारणका बारेमा रहेको भ्रम चिर्न लक्षित छ । पहिले त लागूपदार्थ दुर्व्यसनको यो तथ्यांक हेरौं -

विश्व स्वास्थ्य संगठनको पछिल्लो तथ्यांक अनुसार विश्वभर ४० करोडभन्दा बढी व्यक्तिहरू रक्सीजन्य पदार्थको दुरुपयोगको समस्याबाट प्रभावित छन् भने २० करोड भन्दा बढीमा दुर्व्यसन छ अनि रक्सीजन्य पदार्थको प्रयोगका कारण वर्षेनि २६ लाख व्यक्तिहरूको मृत्यु हुने गरेको छ जुन वार्षिक कुल मृत्युको ४.७ प्रतिशत हुन आउँछ भने अफिम लगायत अन्य मनोद्वीपक पदार्थको दुरुपयोगका कारण झन्डै ६ लाख व्यक्तिहरूको मृत्यु हुने गरेको छ ।

(रक्सीजन्य पदार्थ तथा लागूपदार्थको दुर्व्यसन सम्बन्धी विश्व स्वास्थ्य संगठनको रिपोर्ट २०२४) त्यस्तै सन् २०२१ को तथ्यांक अनुसार विश्वभर ६ करोड भन्दा बढीले अफिमजन्य पदार्थ प्रयोग गर्छन् भने झन्डै ४ करोड व्यक्तिहरू अफिम लगायतका अन्य प्रतिबन्धित लागूऔषधको दुर्व्यसनबाट प्रभावित छन् । (अफिमजन्य पदार्थ दुरुपयोग सम्बन्धित विश्व स्वास्थ्य संगठनको समाचार २०२३) ।

-हाम्रो समाजमा अक्सर सुर्ती, खैनी, सुर्तीजन्य पदार्थ भएका गुट्खा, भोला, पान आदि पदार्थ, चुरोटको प्रयोगलाई दुर्व्यसन मानिँदैन तर विश्वभर रोकथामजन्य मृत्युको प्रमुख कारणमध्ये सुर्तीजन्य पदार्थको प्रयोग प्रमुख कारण हो र यी सुर्तीजन्य पदार्थको दुर्व्यसन पनि अन्य दुर्व्यसन जस्तै एक मनोरोग हो जसको उपचार अत्यन्त जरूरी र सम्भव छ ।

-विश्वभर १.३ अर्ब जनसंख्याले सुर्तीजन्य पदार्थ प्रयोग गर्छन् भने वर्षेनि ८० लाखभन्दा बढी व्यक्तिहरूको मृत्यु हुने गरेको छ । अझ रोचक तथ्य त सुर्तीजन्य पदार्थको प्रयोगबाट हुने त्यो ८० लाख मृत्युमध्ये झन्डै १२ लाख मृत्यु चाहिं आफूले सिधै सुर्तीजन्य पदार्थ प्रयोग नगरे पनि अरूले प्रयोग गरेको सुर्तीजन्य पदार्थको धुवाँको कारण हुन्छ । (सुर्तीजन्य पदार्थको प्रयोग सम्बन्धी विश्व स्वास्थ्य संगठनको तथ्यपत्र)

अब यो भयावह तथ्यांकको जानकारी पछि (अक्सर तथ्यांक हेर्ने बानीका कारण हामी यसलाई केवल एउटा संख्याको रूपमा हेर्ने गर्छौं, तर जब त्यसले आफू वा आफन्तजनलाई गाँज्छ तब त्यो पीडा कति हुन्छ भन्ने हामी महसुस गर्छौं । त्यसैले हामी सबैले बेलैमा यसको बारे सचेत हुनु जरूरी छ) लागौं लागूपदार्थ दुर्व्यसनको कारणहरू तर्फ ।

वास्तवमा लागूपदार्थ दुर्व्यसन व्यक्तिको व्यक्तिगत वा चारित्रिक कमजोरी नभई एक जटिल मनोरोग हो जसका पछाडि एउटा मात्र नभई विविध कारण हुन सक्छन् ।

आधुनिक चिकित्सा विज्ञानले विविध जैविक, मनोवैज्ञानिक तथा सामाजिक/वातावरणीय कारणहरूको अन्तरक्रियाको कारण दुर्व्यसनको मनोरोग हुन्छ भन्ने प्रमाणित गरेको छ । ती कारणहरूलाई सामान्य रूपमा निम्न बमोजिम सूचीकृत गर्न सकिन्छ : जैविक, मनोवैज्ञानिक र मनोसामाजिक ।

**१. जैविक कारण:**

अ. जेनेटिक/ वंशानुगत: हाम्रा धेरै गुण/बानी/व्यवहार हामीमा भएको जीनले निर्धारण गर्छन् र अक्सर ती जैविक गुण वंशानुगत रूपमा आमाबुबाबाट बच्चाबच्चीमा जान्छन् । त्यसैले परिवारमा कसैलाई कुनै पनि लागूपदार्थको दुर्व्यसन छ भने अन्यलाई हुनसक्ने जोखिम उल्लेख्य मात्रामा बढ्न जान्छ र हामीले यो कुरामा धेरै हेक्का राख्नुपर्छ ।

आ. दिमागमा हुने स्नायुसंचार गराउने रासायनिक पदार्थहरूको गडबडी- हाम्रो बानी/व्यवहार, सोचाइ र मनोभाव सन्तुलनमा राख्न दिमागको विभिन्न भागहरूका बीचमा हुने संचारको महत्वपूर्ण भूमिका हुन्छ र त्यो संचार प्रणाली त्यहाँ हुने विभिन्न स्नायुसंचार र सायनहरूमा निर्भर रहन्छ । जब हामीले कुनै पनि आनन्ददायक काम गर्छौं (जस्तै- खेलकुद, मनपरेको खानेकुरा खानु) त्यसले हाम्रो दिमागको आनन्द महसुस गर्ने केन्द्रमा विशेष स्नायु र सायनहरू उत्सर्जन गर्छ र हामी आनन्द महसुस गर्छौं । त्यसैगरी हाम्रो दिमागको सम्झने केन्द्रमा त्यसले अन्य स्नायु रसायनहरू उत्सर्जन गर्छ र त्यो हाम्रो सम्झनामा बस्छ ।

त्यसैगरी त्यो आनन्दको महसुस गर्ने केन्द्रबाट उत्सर्जित केही स्नायु रसायनले हाम्रो दिमागमा भएको उत्प्रेरणा केन्द्र (हामीले गर्ने कुनै पनि योजनाबद्ध क्रियाकलाप यही केन्द्रद्वारा निर्देशित हुन्छन्) मा असर गर्छन् र हामी त्यो आनन्ददायक क्रियाकलाप दोहोर्‍याउन उत्साहित हुन्छौं । तर हामीलाई सधैं आनन्द आउने काम/कुरा मात्र गर्न छुट हुँदैन, हाम्रा अन्य धेरै जिम्मेवारी हुन्छन् । त्यसैले हाम्रो दिमागमा भएको अर्को केन्द्र (आत्मनियन्त्रण केन्द्र)ले देश, काल, परिस्थिति, सामाजिक, व्यक्तिगत मूल्य/मान्यता आदिका आधारमा कुन बेला के काम गर्ने भन्ने विचार गरेर त्यो उत्प्रेरणा केन्द्रलाई निर्देशित गर्ने कार्य गर्छ ।

प्राकृतिक रूपमा आनन्द प्रदान गर्ने क्रियाकलापहरूले उत्सर्जन गर्ने स्नायु र सायनहरूको उत्सर्जन प्राकृतिक हुने हुनाले ती सन्तुलित रूपमा उत्सर्जन हुन्छन् र त्यसमाथि हाम्रो निर्णय केन्द्रको उचित नियन्त्रण हुन्छ । तर जब हामी कुनै दुर्व्यसनजन्य लागूपदार्थ प्रयोग गर्छौं त्यसले अक्सर हाम्रो दिमागमा भएको आनन्ददायक केन्द्र लगायत अन्य भागहरूमा अप्राकृतिक रूपमा स्नायु रसायनहरूको उत्सर्जन गर्छ र अस्वाभाविक आनन्द महसुस गराउँछ । त्यसले गर्दा जसले हाम्रो दिमागका विभिन्न भागहरूका बीचको सन्तुलन असन्तुलित हुन्छ, हाम्रो आत्मनियन्त्रण केन्द्रले सही निर्णय गर्ने क्षमता गुमाउँछ । दुर्व्यसनजन्य पदार्थले हाम्रो स्मृति/सम्झना केन्द्रमा पनि अस्वाभाविक गतिविधि उत्पन्न गराउँछ जसले गर्दा पटक पटक त्यही लागूपदार्थको सम्झना गराइराख्छ ।

त्यो सम्झना केन्द्रको अस्वाभाविक गतिविधिले हाम्रो दिमागको आत्मनियन्त्रण केन्द्रलाई शिथिल बनाउन भूमिका खेल्छ त्यसैगरी आनन्ददायक केन्द्रबाट अस्वाभाविक रूपमा उत्सर्जित रसायनले हाम्रो उत्प्रेरणा केन्द्रलाई अस्वाभाविक रूपमा उत्प्रेरित गराई उक्त पदार्थ पटक-पटक प्रयोग गर्न उत्साहित गराउँछ । दुर्व्यसन नहुँदाको अवस्थामा लागूपदार्थ प्रयोग गरे पनि अक्सर हाम्रो आत्मनियन्त्रण केन्द्रले यो प्रक्रियालाई नियन्त्रणमा राख्ने हुनाले हामी लागूपदार्थ प्रयोग गरे पनि आफ्नो नियन्त्रणमा राख्न सक्छौं (जुन क्षमता व्यक्ति अनि पदार्थ पिच्छे फरक हुन सक्छ, जस्तै- कसै-कसैमा धेरै पटक लागूपदार्थ प्रयोग गरेपछि दुर्व्यसन विकसित हुन्छ भने कसै-कसैलाई एकदमै थोरै पटक प्रयोग गर्दा पनि दुर्व्यसन हुन सक्छ) ।

तर जब लागूपदार्थ पटक-पटक प्रयोग गरिन्छ क्रमिक रूपमा त्यो सन्तुलन बिग्रँदै जान्छ र फलस्वरूप दुर्व्यसन हुन जान्छ । अन्य जे-जे कारण भए पनि लागूपदार्थले अन्ततोगत्वा हाम्रो दिमागमा ल्याउने परिवर्तन र त्यसबाट उत्पन्न हुने दुर्व्यसनको मनोरोगको मुख्य कारण यही नै हो ।

इ. अन्य पदार्थको दुर्व्यसन: यदि कुनै व्यक्तिमा एउटा लागूपदार्थको दुर्व्यसन छ भने अन्य पदार्थको दुर्व्यसनमा पर्ने जोखिम बढी हुन्छ । अक्सर के देखिएको छ भने विविध कारणवश किशोरावस्थामा खैनी, सुर्ती, चुरोट, र क्सी, बियर जस्ता कानूनी रूपमा वर्जित नभएका र सामाजिक रूपमा स्वीकार्य लागूपदार्थ (कानूनी मान्यता र सामाजिक स्वीकार्यताका कारण धेरैलाई यी पदार्थहरू लागूपदार्थ हुन् भन्ने नै थाहा हुन्न वा विश्वास हुन्न) प्रयोगबाट दुर्व्यसन शुरू हुन्छ र त्यो क्रमश: अन्य गाँजा, अफिम जस्ता अन्य गैरकानूनी लागूपदार्थको दुर्व्यसनमा पर्न जान्छन् ।

त्यसैले लागूपदार्थको दुर्व्यसनको उपचार गर्दा व्यक्तिलाई सबै प्रकारका दुर्व्यसनबाट मुक्त राख्ने कोशिश गर्नु जरूरी हुन्छ । अक्सर रक्सीको दुर्व्यसन भएका व्यक्तिहरूमा सुर्तीजन्य पदार्थको पनि दुर्व्यसन हुन्छ तर उनीहरूले 'रक्सी छोडे पनि एउटा सुर्तीको अम्मल त चाहिहाल्छ नि' भन्ने सोच्छन् तर त्यो गलत धारणा हो किनकि सुर्ती/चुरोटको दुर्व्यसनले समयक्रममा फेरि रक्सीको दुर्व्यसन पनि दोहोरिन पुग्ने जोखिम बढ्छ ।

ई. अन्य मनोरोग: डिप्रेसन, एन्जाईटी, साइकोसिस जस्ता विभिन्न मनोरोगमा दिमागमा हुने स्नायु रसायनको परिवर्तन/असन्तुलनका कारण पनि दुर्व्यसनको जोखिम बढ्न जान्छ । अध्ययनहरूले दुर्व्यसन भएका व्यक्तिहरूमा अन्य मनोरोगको प्रबलता धेरै नै देखाएका छन् । जस्तै- रक्सीजन्य पदार्थको दुर्व्यसन भएका आधाभन्दा धेरै व्यक्तिमा डिप्रेसन र/वा एन्जाईटीको मनोरोग भएको पाइएको छ ।

यो किन पनि महत्वपूर्ण छ भने कतिपय अवस्थामा यदि अन्य मनोरोग छ भने केही समयको लागि दुर्व्यसनबाट टाढै रहे पनि त्यही मनोरोगकै कारण व्यक्ति फेरि फेरि दुर्व्यसनमा फस्न पुग्छ । त्यसैले दुर्व्यसनको उपचार गर्दा अनिवार्य रूपमा अन्य मनोरोगको बारेमा पनि परीक्षण र उपचार गर्नु त्यत्तिकै जरूरी छ ।

उ. दिमागको चोट पटक: विभिन्न कारणले दिमागमा चोट लागेका व्यक्तिहरूमा पनि माथि उल्लिखित स्नायु रसायनहरूको असन्तुलन हुन गई दुर्व्यसनको जोखिम बढ्न सक्छ ।

**२. मनोवैज्ञानिक तथा मनोसामाजिक कारण**

अ. सांस्कृतिक/सामाजिक मान्यता र लागूपदार्थको सहज उपलब्धता: रक्सीजन्य तथा सुर्तीजन्य पदार्थहरूको कानूनी मान्यता र सहज उपलब्धता एवं हाम्रो कतिपय समाजमा रक्सीजन्य पदार्थहरूको सांस्कृतिक तथा सामाजिक स्वीकार्यताका कारण ती लागूपदार्थको दुर्व्यसनको जोखिम बढी हुन्छ र त्यस मार्फत अन्य लागूपदार्थको दुर्व्यसनको जोखिम बढ्न जान्छ । हाम्रो कतिपय समुदायमा सांस्कृतिक रूपमा रक्सीजन्य पदार्थहरू आफ्ना रीतिरिवाजमा अनिवार्य खाने प्रचलन रहेको छ जसले गर्दा रक्सीको दुर्व्यसन भएका कतिपय व्यक्तिहरू त्यस्तै रीतिरिवाजका बेला फेरि रक्सीजन्य पदार्थ सेवन गरेर फेरि दुर्व्यसनमा फस्न पुगेका हामीले प्रशस्तै पाउँछौं । अनि सांस्कृतिक मान्यताका कारण साना बच्चाबच्चीको अघि यस्ता पदार्थ प्रयोग गर्दा उनीहरूको बालमनोविज्ञानमा त्यसले गहिरो छाप छाड्न सक्छ र यसले दुर्व्यसनको जोखिम बढाउँछ ।

आ. परिवारमा भएको दुर्व्यसन: यदि परिवारमा कुनै व्यक्तिमा दुर्व्यसन छ भने त्यसले जेनेटिक मात्र हैन सामाजिक/मनोवैज्ञानिक रूपमा अन्य सदस्य माथि पार्ने प्रभावले पनि दुर्व्यसनको जोखिम बढी हुन्छ ।

इ. पारिवारिक बेमेल, हिंसा, तनावग्रस्त बाल्यकाल: बाल्यावस्थामा परिवारमा धेरै बेमेल, झै-झगडा भएको छ वा विविध कारण व्यक्तिको बाल्यावस्था तनावग्रस्त अवस्थाबाट गुज्रेको छ भने पनि त्यस्ता व्यक्तिहरू दुर्व्यसन र मनोरोगको बढी जोखिममा हुन्छन् । नेपाली समाजमा पछिल्लो समय परिवारको मुख्य सदस्य (बाबु, आमा वा दुवै) वैदेशिक रोजगारीमा विदेश जाने र बाल्यकालमा भरपर्दो/विश्वासिलो रेखदेखको अभावका कारण बच्चाबच्चीहरू दुर्व्यसनमा फस्ने क्रम ह्वात्तै बढेको देखिन्छ । त्यसैले यसतर्फ पनि बेलैमा ध्यान पुर्‍याउनुपर्ने देखिन्छ ।

ई. साथीभाइको गलत संगत: दुर्व्यसनमा परेका साथीभाइको संगतमा पर्दा उनीहरूले लागूपदार्थ प्रयोग गर्न दिने नाजायज दबाबका वा देखासिकीका कारण पनि धेरै व्यक्तिहरू दुर्व्यसनमा परेको पाइएको छ । यो जोखिम विशेषगरी किशोरावस्थामा एकदमै धेरै हुन्छ । यो अवस्थामा उनीहरूले विशेषगरी सुर्ती/चुरोट जस्ता पदार्थ लहलहैमा शुरू गर्न सक्छन् तर समयक्रममा तिनै पदार्थले उनीहरू विस्तारै अन्य लागूपदार्थको दुर्व्यसनतर्फ धकेलिन पुग्छन् । त्यसैले अभिभावकहरूले यस्तो बेला थप सतर्कता अपनाउनु जरूरी छ ।

उ. बदलिंदो, असुरक्षित, अन्योलग्रस्त र असन्तुलित समाज/वातावरण: असन्तुलित, अन्योलग्रस्त समाजमा मानसिक असन्तुलनको जोखिम मात्र बढी हुँदैन, त्यहाँ व्याप्त हुनसक्ने आपराधिक गतिविधि र त्यससँगै जोडिएर आउने लागूपदार्थको ओसारपसार/उपलब्धताले गर्दा पनि लागूपदार्थ दुर्व्यसनको जोखिम बढेर जान्छ ।

विभिन्न प्राकृतिक तथा मानवसिर्जित प्रकोपहरूको बेला बढ्ने तनाव र असुरक्षाका कारण पनि लागूपदार्थको दुर्व्यसन बढ्ने देखिएको छ । भूकम्प, बाढी, पहिरो, अनावृष्टि जस्ता विभिन्न प्राकृतिक र मानवसिर्जित प्रकोपहरूको जोखिममा रहेको हाम्रो समाजमा पनि यो जोखिम उच्च छ । विशेषगरी पछिल्लो समयको भूकम्प, कोभिड-१९ को वैश्विक महामारीको अनुभवले पनि त्यो पुष्टि गरेको छ । त्यसैगरी पछिल्लो समय नेपालका धेरै ग्रामीण बस्तीहरू शहरोन्मुख छन् र तिनै शहरहरूमा विशेषगरी किशोरकिशोरीहरू माझ लागूपदार्थको दुर्व्यसनको समस्या विकराल रूपमा बढिरहेको छ । पहिले भारतको सीमा नजिकका शहरहरूमा सीमित हुने गरेको अफिम लगायतका अवैध लागूपदार्थहरूको दुर्व्यसन संखुवासभाको खाँदबारीदेखि रसुवाको धुन्चेसम्म पनि फैलिरहेको छ । त्यसमाथि दुर्व्यसनमा सुईको प्रयोगबाट गरिने लागूपदार्थको प्रयोग झनै बढेको देखिएको छ । यो निश्चय नै गम्भीर विषय हो ।

ऊ. व्यक्तिको स्वभाव/व्यक्तित्व: कतिपय व्यक्तिहरू अरूको कुरा काट्न नसक्ने, "हो मा हो मिलाइहाल्ने" स्वभावका हुन्छन् । यस्तो स्वभावले कतिपय अवस्थामा सामाजिक रूपमा सजिलै घुलमिल हुन सहज भए पनि गलत संगतमा पर्दा त्यस्ता साथीभाइको आग्रह अस्वीकार गर्न नसक्दा दुर्व्यसनमा पर्ने जोखिम बढी हुन सक्छ । यसलाई हामीले व्यक्तिको चारित्रिक कमजोरी भन्दा पनि जोखिमको एउटा कारकको रूपमा बुझ्नुपर्छ र दुर्व्यसनको उपचारका क्रममा यस्ता व्यक्तिहरूलाई उचित मनोपरामर्शले निकै फाइदा पुग्न सक्छ ।

समाजमा व्याप्त अर्को एउटा भ्रम 'दुर्व्यसनको उपचार सम्भव छैन/एकपटक दुर्व्यसनमा परे पछि छुटाउन सकिन्न' भन्ने छ । यो भ्रम शिक्षित व्यक्ति र कतिपय चिकित्साकर्मीहरूमै पनि व्याप्त छ । चिकित्सा विज्ञानमा आएको विकाससँगै अब विभिन्न पदार्थहरूको दुर्व्यसनको प्रभावकारी उपचार उपलब्ध भए पनि र कतिपय व्यक्तिहरूको त्यसमा पहुँच भए पनि यही भ्रमका कारण दुर्व्यसनको मनोरोग भएका व्यक्तिहरूले उचित उपचार पाइरहेका छैनन् ।

त्यसैगरी दुर्व्यसनको रोगलाई चारित्रिक समस्याको रूपमा लिएर त्यसको निराकरणका लागि सजायमूलक विधि अवलम्बन गर्ने अर्को व्यापक भ्रम छ । यस विधिमा मूलत: दुर्व्यसन भएका व्यक्तिलाई लागूपदार्थबाट टाढा राख्न बग्रेल्ती खुलेका (सबै ठीक छैनन् भन्न खोजेको होइन) 'रिह्याब होम'हरू, जहाँ मुख्य रूपमा व्यक्तिलाई लागूपदार्थको पहुँचबाट टाढा राखिन्छ र उपचार विधिको नाममा मूलत: 'नैतिक शिक्षा' पढाउने र 'अनुशासन" सिकाउने गरिन्छ ।

तर दुर्व्यसनको प्रभावकारी उपचारको निम्ति मूल रूपमा बहुविधि (औषधीय, मनोवैज्ञानिक तथा मनोसामाजिक) उपचार पद्धति आवश्यक हुन्छ (किनकि अक्सर दुर्व्यसनको कारण पनि बहुआयामिक हुन्छ) । त्यसैले राम्रै पैसा खर्च गरेर यसरी 'रिह्याब होम'मा तीन महिनादेखि एक वर्षसम्म राखेर उपचार गरे पनि बाहिर निक्लने बित्तिकै अधिकांश बिरामी फेरि दुर्व्यसनमा फर्किने क्रमले गर्दा पनि कतिपय अवस्थामा समाजमा 'दुर्व्यसन निको हुँदैन वा दुर्व्यसन भएका व्यक्तिहरूलाई दुर्व्यसनबाट छुटाउन सकिन्न' भन्ने गलत भाष्य विकसित भएको छ । तर यथार्थ के हो भने निश्चय नै बहुआयामिक र दीर्घ रोग भएकाले दुर्व्यसनको उपचार चुनौतीपूर्ण छ र पटक-पटक असफलता हुन सक्छ तर उचित वैज्ञानिक उपचार गरेको खण्डमा अहिले दुर्व्यसनको प्रभावकारी उपचार सम्भव छ ।

सरलीकृत रूपमा भन्दा अध्ययनहरूले देखाए अनुसार सामान्यतया दुर्व्यसनको उपचार मा एक वर्षसम्म दुर्व्यसन रहित हुने यस्तो नतिजा देखिएको छ- १. कसैले आफैं छाड्न खोज्दा १-५ प्रतिशतह २. सेल्फहेल्पका विविध उपायहरू सहित छाड्न खोज्दा ५ प्रतिशत, ३. सामान्य स्वास्थ्यकर्मीको सुझाव, सल्लाह र परामर्शमा ५-१० प्रतिशतह ४. औषधीय वा मनोपरामर्शको एकल विधि उपचारमा १०-१५ प्रतिशत र ५. औषधि, मनोवैज्ञानिक तथा मनोसामाजिक सहितको बहुपद्धति उपचारमा ३० प्रतिशत ।

*(साभार: अनलाइनखबर)*

# बिजनेस छ, तर संसद् चल्दैन

काठमाडौं/संघीय संसद् सचिवालयका अनुसार २० भन्दा बढी विधेयक विचाराधीन छन् । तर सरकारले संसद बैठक नबोलाएर एक पछि अर्को अध्यादेश ल्याइरहेको छ । ती अध्यादेश अधिवेशन सुरु भएको पहिलो दिन नै संसदमा टेबुल गर्नुपर्ने संवैधानिक प्रावधान छ । यसले संसदको विजनेस बढाउँछ ।

संसदीय समितिमा पनि उजुरीका चाङ छन् । संसदीय विषयगत समितिले प्राप्त उजुरीमाथि छलफल गरेर सरकारलाई नीतिगत सम्बोधन गर्नुपर्ने विषयमा सुझाउन सक्छ । यसले पनि संसदको विजनेस बढाउँछ । संसद् अधिवेशन सुरु भएपछि सांसदहरूले जरुरी सार्वजनिक महत्वको प्रस्ताव, ध्यानाकर्षण प्रस्ताव, संकल्प प्रस्ताव ल्याउन सक्छन् । संविधान कार्यान्वयनका लागि कैयौं ऐन बनाउनुपर्ने छ । संविधान जारी भएको एक दशकसम्म संविधान कार्यान्वयनका लागि आवश्यक ऐन बनाउन नसकेको भनेर आलोचना समेत भइरहेको छ ।



अर्थात, संसद् नियमित सञ्चालनका लागि बिजनेसको अभाव छैन । तर, संसद् बैठक चार महिनादेखि बस्न सकिरहेको छैन । संसदीय विषयगत समिति कोरम नपुग्ने समस्याले ग्रस्त छ भने संसदको बैठक बस्ने वातावरण सरकारले नै बनाइरहेको छैन ।

संघीय संसद्को वर्षे अधिवेशन गत भदौ ३१ गते अन्त्य भएको थियो । संसद् सचिवालयका अनुसार मंसिर दोस्रो वा तेस्रो साता संसद्को हिउँदे अधिवेशन बोलाउने अभ्यास हो । तर, यसपटक अझै सरकारले अधिवेशन बोलाइरहेको छैन । यही पुस १४ गते सरकारले सहकारी ऐन संशोधन गर्न अध्यादेश ल्याएको थियो । संसद् अधिवेशन बोलाउन ढिला गरेर सरकारले अध्यादेश ल्याएको भनेर प्रतिपक्षी दलहरूले आलोचना गरिरहेका बेला त्यसलाई बेवास्ता गर्दै सरकारले थप तीन वटा अध्यादेश ल्याउने निर्णय गरेको छ ।

रास्वपाका प्रमुख सचेतक सन्तोष परियार भन्छन्- सदन नभएको बेलामा फुकाउने विषय वा बाटो अध्यादेश हो । तर, विधेयक अधिवेशन भनिने अधिवेशन नबोलाएर अध्यादेश ल्याउनु अझ गम्भीर विषय हो। शुक्रबार बसेको मन्त्रिपरिषद बैठकले केही नेपाल ऐन संशोधन अध्यादेश, भूमिसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश र लगानीसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक सञ्जालमार्फत अध्यादेश सिफारिस भएको जानकारी दिएका छन् । उनले लेखेका छन्, 'शुक्रबारको मन्त्रिपरिषदको बैठकले अध्यादेशमार्फत आइटीमा गरेको कमाइ स्वदेश भित्र्याउन सहज बनाउने कानुन राष्ट्रपतिसमक्ष सिफारिस गरिएको छ । यसले आइटीलाई विदेशी मुद्रा आर्जन गर्ने उद्योगका रूपमा विकास गर्ने हाम्रो विश्वास छ ।'

प्रधानमन्त्रीले यस्तो विश्वास गरिरहँदा विपक्षी दलहरूले भने सरकारमाथि नै प्रश्न गरेका छन् । प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका महासचिव देव गुरुङ सरकारले एकपछि अर्को अध्यादेश ल्याउने तर संघीय संसद्को अधिवेशन नबोलाउने कार्य गरेर संसदीय अभ्यासमाथि प्रश्न उठ्ने काम गरिरहेको बताउँछन् ।

संसदमा विधेयक लैजाँदा पास नहुने डरले अध्यादेशमार्फत राज्य सञ्चालन गर्न खोजेको हो कि भन्ने उनको आशंका छ । आफूहरूले केन्द्रीय समिति बैठकबाटै संसदको अधिवेशन माग गरेको उनले जानकारी दिए ।

यही पुस २३ गते सम्पन्न माओवादी केन्द्रको केन्द्रीय समिति बैठकबाट पारित प्रस्तावमा भनिएको छ, 'तत्काल संघीय संसद र प्रदेशसभाहरुको हिउँदे अधिवेशन आह्वान गर्न सरकारसँग जोडदार माग गर्दछ ।' एकातिर अधिवेशन नबोलाउने र अर्कोतिर अध्यादेश ल्याउने कार्य भइरहेको भनेर पनि माओवादीले सरकारको ध्यानाकर्षण गराएको छ । निर्णयमा भनिएको छ, 'सार्वभौम संसदलाई छलेर अध्यादेशमार्फत राज्य सञ्चालन गर्ने र देशलाई दुई दलीय तानाशाहीतर्फ लैजान खोज्ने सरकारको निरंकुश प्रवृत्तिको घोर विरोध गर्दछ ।'

माओवादी केन्द्रले संविधान कार्यान्वयनसँग सम्बन्धित ऐन बनाउन समेत माग गरेको थियो । उसले निर्णय मार्फत भनेको छ, 'संघीयताको कार्यान्वयन र मौलिक हकको कार्यान्वयनसँग सम्बन्धित निजामती सेवा, संघीय प्रहरी ऐन, विद्यालय शिक्षा लगायतका प्रस्तावित विधेयकहरु तत्काल पारित गर्न ध्यानाकर्षण गराउँदछ ।'

तर, विपक्षी दलले औपचारिक रुपमा गरेका यी मागलाई समेत सरकारले सुनिरहेको छैन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियार सदनलाई छलेर अध्यादेश आउनु लोकतान्त्रिक हुन नसक्ने बताउँछन् । उनी भन्छन्, 'सदन नभएको बेलामा फुकाउने विषय वा बाटो अध्यादेश हो । तर, विधेयक अधिवेशन भनिने अधिवेशन नबोलाएर अध्यादेश ल्याउनु अझ गम्भीर विषय हो ।'

माओवादी केन्द्रकी सचेतक रुपा सोसी चौधरी पनि 'विषय जे जस्ता भए पनि अध्यादेश आफैँमा कानुन बनाउने संवैधानिक चोर बाटो हो' भन्छिन् । यस्तो चोर बाटोमा सरकार हिँड्नु अनुचित रहेको उनको मत छ । उनी भन्छिन्, 'हामी संसद् अधिवेशन मागिरहेका छौं । सरकार अध्यादेश ल्याइरहेछ । यसले सरकार संसद्लाई जिम्मेवार बनाउन चाहँदैन भन्ने देखाउँछ ।'

संसद् अधिवेशन सरकारले आवश्यक महसुस गरेको बेला जहिलेसुकै बोलाउन सक्छ । सामान्यतया वर्षे अधिवेशन भदौ अन्तिम वा असोज पहिलो साता अन्त्य हुने र हिउँदे अधिवेशन मंसिर दोस्रो वा तेस्रो साता बोलाउने अभ्यास हो । यसपटक हिउँदे अधिवेशन बोलाउनमा केही ढिलाइ भएको छ ।

संसद् अधिवेशन आह्वान र अन्त्यसम्बन्धी निर्णय लिँदा सदनको नेतृत्वसँग समन्वय नगर्ने प्रवृति रहेकोप्रति सभामुख देवराज घिमिरे स्वयम् असन्तुष्ट छन् ।

यही पुस १० गते संघीय संसद् सचिवालयले भक्तपुरको नगरकोटमा प्रमुख सञ्चारमाध्यमका प्रधानसम्पादक र सम्पादकहरूसँग अन्तरसंवाद कार्यक्रममा सभामुख घिमिरेले सरकारप्रति आफ्नो असन्तुष्टि राखेका थिए । सभामुख घिमिरेले भनेका थिए, 'सरकार अप्ठ्यारो नपरेसम्म यस (संसद्) सँग मिलेर काम गर्न सकभर चाहँदैन । आफ्नो ढंगले काम गर्न चाहन्छ । अप्ठ्यारो परेपछि संसद्को साथ, सहयोग, कानुन आदि इत्यादि भनेर आउने एउटा प्रवृत्ति छ ।'

शनिबार संसद बैठक बस्ने तयारीबारे पत्रकारहरुको जिज्ञासामा सभामुख घिमिरेले भने, 'अब बेला भएको छ, छिट्टै बस्छ ।' तर त्यो छिट्टै कहिले हो भनेर उनले पनि स्पष्ट भन्न सकेनन् ।

**सरकार मात्रै हावी**

सरकारको सिफारिसमा राष्ट्रपतिले संसद बैठक आह्वान र अन्त्य गर्ने व्यवस्था छ । संसद् अधिवेशनको अन्त्य र अर्को अधिवेशन सुरुको समयअवधि ६ महिना कट्न नहुने संवैधानिक प्रावधान छ ।

तर प्राय सबै सरकारले त्यो सुविधालाई आफूखुसी प्रयोग गर्ने गरेका छन् । संसद्को अधिवेशन आह्वान र अन्त्यको सम्बन्धमा सरकार मात्रै हावी भएको भनेर यस सम्बन्धी नीति नै पुनरावलोकन गर्नुपर्ने सम्मको आवाज संसदमा उठ्ने गरेको छ ।

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले गठन गरेको 'संविधान अनुसार बन्न बाँकी कानुनहरूको अध्ययन उपसमिति' को अध्ययनले नै संसदको अधिवेशन आह्वान र अन्त्यसम्बन्धी विषयलाई थप स्पष्ट पार्नुपर्ने निष्कर्ष निकालेको छ । राष्ट्रिय सभा सदस्य बेदुराम भुसाल नेतृत्वको उपसमितिले संसद् अधिवेशन आह्वान र अन्त्य सम्बन्धी निर्णय लिँदा सदनको नेतृत्वसँग समन्वय गर्नुपर्ने र परामर्श लिनुपर्ने बाध्यकारी व्यवस्थाको आवश्यकता औंल्याइएको हो ।

राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल पनि संसद् अधिवेशन आह्वान र अन्त्यसम्बन्धी निर्णय लिँदा सरकारले समन्वय गरेको बताउँछन् । दाहालका अनुसार उनले पुस तेस्रो साता प्रधानमन्त्री केपी शर्मा ओलीलाई फोन गरेर 'संसद्को हिउँदे अधिवेशन आह्वानका सम्बन्धमा के भइरहेको छ' भनेर चासो राखेका थिए । 'गृहकार्य भइरहेको' जवाफ आएको दाहालले जानकारी दिए ।

सरकारमा जो भएता पनि, सदनको नेतृत्वमा जो रहेता पनि संसदको अधिवेशन कहिले आह्वान हुन्छ र कहिले अन्त्य हुन्छ भन्ने विषय पूर्वअनुमान योग्य बनाउन आवश्यक रहेको अभ्यासले देखाएको अध्यक्ष दाहालको अनुभव छ । तर, यससम्बन्धी नीति बनाउन फेरि पनि राजनीतिक दलहरू नै तयार हुनुपर्छ ।

*(स्रोत: अनलाइनखबर)*

# मकवानपुर बचतको शेयरपुँजी २ करोड

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/हेटौंडा उपमहानगरपालिका-४ मा रहेको मकवानपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शेयरपुँजी २ करोड रुपैयाँ रहेको छ ।




आर्थिक वर्ष २०८०/८१ मा २ हजार ४ सय ७९ जना शेयर सदस्य आवद्ध रहेको सहकारीको शेयरपुँजी २ करोड २६ लाख १८ हजार ३ सय रुपैयाँ रहेको शनिबार आयोजित २५ औं वार्षिक साधारण सभाको प्रतिवेदनमा उल्लेख रहेको छ । संस्थाका अध्यक्ष विजयसागर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यता रहेको थियो ।

संस्थाका अध्यक्ष श्रेष्ठले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै आर्थिक वर्ष २०८१/८२ मा शेयर पुँजी २ करोड ५० लाख रुपैयाँ र ऋण लगानी २० करोड पुर्‍याउने लक्ष्य रहेको बताए । आर्थिक वर्ष २०८०/८१ मा सहकारीको निक्षेप संकलन २० करोड २९ लाख २९ हजार ७ सय ९९ रुपैयाँ रहेको छ भने ऋण लगानी १७ करोड २४ लाख ५७ हजार रुपैयाँ रहेको सहकारीको प्रबन्धक विपिनकुमार श्रेष्ठले जानकारी दिए ।

गतवर्ष झैं यसवर्ष पनि सहकारीले नगरक्षेत्रभित्र रहेको मानवीय सेवागर्ने संस्थालाई चामल १ बोरा, ५ केजी दाल, १ बक्सा साबुन र ५ सय रुपैयाँ नगद सहयोग गरेको छ । जसअन्तर्गत मानवसेवा आश्रम, मामाघर परियोजना, अनाथ अपाङ्ग बालपुन:स्थापना, ओम वृद्धाश्रम, श्रीमद्भागवत ज्ञानसञ्चार वृद्धाश्रम, हाम्रोघर आश्रम, संस्कृत वेद विद्यालय, आनन्दमार्ग बालआश्रम रहेका छन् ।

यसैगरी सहकारीले जेष्ठ नागरिकमा दिलमाया गौतम र जगन्नाथ शर्माढकाललाई सम्मान गरेको छ भने असल निक्षेपमा रेखाकुमारी रुम्बा र विष्णु शाही, असल ऋणीमा हीरामाया थिङ र उत्तम गुरागाई र एसइइ परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने शेयर सदस्यका छोराछोरीलाई पुरस्कृत गरेको छ । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्याल, सहकारीका सल्लाहकार अशोक शाक्य, संस्थाका उपाध्यक्ष पूर्ण शाक्यलगायतको आतिथ्यता रहेको थियो ।

# पानी उद्योग महासंघको प्रारम्भिक साधारणसभा हेटौंडामा

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/नेपाल पानी उद्योग वाणिज्य महासंघको प्रारम्भिक साधारणसभा आउँदो माघ महिनाको १७ गते हेटौंडामा हुने भएको छ ।




देशभरका जार तथा बोतलका प्रशोधित पानी उत्पादन गरी बजारमा पठाउने उद्योगको छाता संस्थाको गठन गर्न पुष २६ र २७ गते काठमाडौं बसेको उद्योगीको भेलाले माघ १७ गते प्रारम्भिक साधारणसभा राख्ने निर्णय गरेको हो । भेलाले साधारणसभाको तयारी गर्न बिक्रम लिम्बु चेमजोङको संयोजकत्वमा १९ सदस्यीय कार्यकारी तयारी समिति गठन गरेको छ ।

समितिको पूर्णबैठकले प्रारम्भिक साधारणसभा हेटौंडामा आयोजना गर्ने निर्णय गरेको हो । कार्यक्रममा देशैभरका प्रदेश संघ, विभिन्न जिल्लामा रहेका जिल्ला संघ, नगर तथा क्षेत्रीय संघका प्रतिनिधिको सहभागी रहने संयोजक चेमजोङले बताए । समितिका सदस्यमा गोकर्ण सिलवाल, गंगाप्रसाद अगंजा, गोकुल थापा, रविन्द्रमोहन अधिकारी, लिला भण्डारी, मीना दाहाल, भीमसेन खतिवडा, भरत बुढाथोकी, रुपचन्द्र थापा, रोसा श्रेष्ठ, राष्ट्रमान श्रेष्ठ, कैलाश भट्ट, दीपक श्रेष्ठ, ध्रुब अधिकारी, बिक्रम मण्डल, रुपचन्द्र नौलखा, ध्रुबहादुर गौतम, अमराज लामा रहेका छन् । समितिको बैठकले भरत लकाई र देवनारायण चौलागाई रहेको दुई सदस्यीय कानुनी सल्लाहाकार समिति गठन गरेको छ ।

# एनआरएनलाई विदेशी लगानी स्वीकृति नचाहिने, सम्पत्तिको अधिकार नदिएकामा असन्तुष्टि

काठमाडौं/सरकारले गैरआवासीय नेपालीलाई विदेशी लगानीको स्वीकृति आवश्यक नहुने गरी कानून संशोधन गरेको छ । मन्त्रिपरिषद् बैठकले शुक्रबार आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशमार्फत विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन संशोधन गर्दै यस्तो व्यवस्था गरेको हो ।

यसअघि अन्य विदेशी लगानीजस्तै गैरआवासीय नेपालीले गरेको लगानी पनि उद्योग विभागबाट स्वीकृत लिनुपर्ने व्यवस्था थियो । तर, सरकारले प्रस्ताव गरेअनुरुप अध्यादेश बनेपछि भने गैरआवासीय नेपाली सम्बन्धी ऐनको ऐनको दफा ७ र ८ बमोजिम आएको लगानीको विषयमा विभागलाई जानकारी मात्रै दिए पुग्ने व्यवस्था गरेको हो । त्यसरी जानकारी प्राप्त भएपछि विभागले स्वत: स्वीकृत गर्नुपर्ने व्यवस्था पनि गरिएको छ ।

गैरआवासीय नेपाली ऐनको दफा ७ मा गैरआवासीय नेपाली वा गैरआवासीय नेपालीको ५० प्रतिशतभन्दा बढी लगानी भएको कुनै विदेशी कम्पनीले नेपालमा विदेशी लगानीका लागि खुला भएका क्षेत्रमा परिपर्त्य विदेशी मुद्रामा लगानी गर्नसक्ने व्यवस्था छ । यसरी विदेशी मुद्रामा गरेको लगानी उद्योग विभागबाट स्वीकृत गर्नुपर्ने विद्यमान व्यवस्थामा संशोधन प्रस्ताव गरिएको हो ।

**असन्तुष्टि कायमै**

यसका साथै, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशमार्फत सरकारले गैरआवासीय नेपालीसम्बन्धी ऐन २०६४ मा संशोधन गर्दै गैर आवासीय नेपालीको परिभाषा परिवर्तन गरेको छ । गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिलाई पनि गैरआवासीय नेपालीको परिभाषाभित्र समेटिएको छ ।

सोही ऐनको दफा ११ को उपदफा १ मा संशोधन गर्दै गैर आवासीय नेपाली नागरिकता वा परिचयपत्रप्राप्त व्यक्ति र तिनका परिवारलाई नेपालमा बसोबास गर्दा १० वर्षसम्म गैरआवासीय भिसा नि:शुल्क प्रदान गर्ने व्यवस्था पनि गरिएको छ । तत्कालीन प्रधानमन्त्री प्रचण्डले प्रधानमन्त्री निवास बालुवाटारबाट २०८० असोज ३० गते एनआएनलाई नागरिकता वितरण शुभारम्भ गरेका थिए ।

साथै, गैरआवासीय नागरिकताप्राप्त व्यक्तिलाई एकपटकमा दुई वर्षसम्मको बहुप्रवेशी गैरआवासीय भिसा नि:शुल्क प्रदान गर्ने व्यवस्था पनि ऐन संशोधनमार्फत गरिएको छ । तर, सरकारले गरेको कानूनी परिवर्तनले गैरआवासीय नेपालीलाई खुसी भने बनाएको छैन ।

गैरआवासीय नेपाली संघका महासचिव गौरीराज जोशी गैरआवासीय नेपाली नागरिकता लिएपछि नेपाल आवत-जावत गर्दा भिसा लिनुपर्ने व्यवस्था नै गलत भएको बताउँछन् । लगानीमा पनि विभेदपूर्ण नीति लिइएको बताउँदै जोशीले भने, 'विशेषगरी घरजग्गाको लगानी नीतिले नेपाल सरकार तथा राजनैतिक पार्टीहरू गैरआवासीय नेपालीहरूप्रति कति अनुदार छन् भन्ने स्पष्ट पारेको छ ।'

युनाइटेड नेपाली डायस्पोरा अर्गनाइजेसन (युएनडीओ)का अध्यक्ष सोनाम लामा पनि नेपालको संविधानले नै गैरआवासीय नेपालीलाई राजनीतिक बाहेकका अधिकार सुनिश्चित गरे पनि सरकारले त्यसको सम्मान नगरेको बताउँछन् ।

सरकारले एनआरएन नागरिकता दिए पनि त्यसलाई एनआरएन कार्डजस्तै बनाइएको उनले टिप्पणी गरे । '१० वर्ष नि:शुल्क भिसा त एनआरएन कार्डबाट नै पाइन्छ । यो मालपोतले पनि नचिन्ने, अध्यागमनले पनि नचिन्ने एनआरएन नागरिकता चाहिँ किन दिएको हो ?' उनले प्रश्न गरे ।

सरकारले पटक-पटक गरेको कानूनी परिवर्तनले त्यसलाई स्वीकार गर्न नसकेको गैरआवासीय नेपाली संघ (शर्मा समूह)का महासचिव बुद्धिसागर सुवेदीले बताए । गैरआवासीय नेपालीलाई नागरिकता दिए पनि संविधान प्रदत्त अधिकार प्रदान गर्न भने सरकारले आलटाल गरेको उनी बताउँछन् ।

गैरआवासीय नागरिकलाई सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार प्रदान गर्ने संविधानमा नै लेखेको अवस्थामा आफ्नै मुलुकमा प्रवेश गर्न भिसा चाहिने व्यवस्था नै गलत रहेको उनी बताउँछन् ।

पहिला गैरआवासीय नेपाली कार्ड बनाएपछि पनि १० वर्षसम्म भिसा शुल्क तिर्नुपर्दैनथ्यो । सरकारले दिएको नागरिकता त्यसभन्दा फरक नदेखिएको उनी बताउँछन् । नेपालमा प्रवेश गर्न, भिसा नै नचाहिने व्यवस्था हुनुपर्ने उनको भनाइ छ ।

त्यस्तै, गैरआवासीय नेपालीको नेपालमा रहेको सम्पत्तिको संरक्षणमा पनि कानूनी व्यवस्था नभएको उनी बताउँछन् । 'गैर आवासीय नेपाली नागरिकताका आधारमा नेपालमा सम्पत्ति राख्न पाउनुपर्छ भन्ने हाम्रो माग हो तर त्यसमा सरकारले संकीर्णता देखाइरहेको छ,' सुवेदी भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# स्टार्टअपमा आइडिया र ख्यातिलाई ४० प्रतिशतसम्म 'स्वेट सेयर'

काठमाडौं/सरकारले अध्यादेशमार्फत कम्पनी ऐनमा संशोधन गर्दै स्टार्टअप कम्पनीहरुमा विभिन्न किसिमले योगदान गर्नेलाई ४० प्रतिशतसम्म 'स्वेट सेयर' जारी गर्न सकिने व्यवस्था गरेको छ ।

सोंच वा श्रम योगदानमा सेयर दिन नमिल्ने विद्यमान कानुनी प्रबन्धका कारण स्टार्टअप कम्पनीहरूले नविन सोंच र श्रम लगानी गर्ने साझेदार वा कर्मचारीलाई सेयर दिन सक्दैनथे । खासगरी सूचना प्रविधि र अन्य क्षेत्रका स्टार्टअप कम्पनीहरुले विदेशमा जस्तै श्रम वा सोंच लगानी गरेबापत सेयर दिन मिल्नेगरी कानुनी ब्यवस्था गरिदिन सरकारलाई आग्रह गर्दै आएका थिए ।

शुक्रबार मन्त्रिपरिषद्ले पारित गरेको आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशले कम्पनी ऐन २०६३ मा यस्तो संशोधन प्रस्ताव गरेको हो ।

अहिले स्टार्टअप कम्पनीहरुको आइडिया ल्याउने तथा ख्याति वृद्धि गर्ने कुरालाई लगानीका रुपमा लिइने कानूनी व्यवस्था नहुँदा संस्थापकहरु नै अल्पमतमा पर्ने वा बाहिरिनुपर्ने अवस्था छ । त्यसका कारण देशमा स्टार्टअपको वातावरण बन्न नसकेकाले यस्तो व्यवस्था गरिएको एक उच्च सरकारी अधिकारीले बताए ।

कम्पनी ऐनमा गरिएको नयाँ व्यवस्थामा 'कम्पनीलाई व्यक्तिबाट प्राप्त हुने बौद्धिक सम्पत्ति, मूल्य वृद्धि, सेवा, व्यापारिक ख्याती (गुडवील), प्राविधिक जानकारी (नो हाउ शेयरिङ्ग) वा प्राविधिक ज्ञानको हस्तान्तरणका आधारमा समेत स्वेट इक्विटी सेयरहरु जारी गर्न सकिने' व्यवस्था थप गरिएको हो । त्यसरी जारी गर्न सकिने स्वेट सेयरको अनुपात सामान्य उद्यम भए २० प्रतिशतसम्म र स्टार्टअपलाई ४० प्रतिशतसम्म रहने व्यवस्था पनि कम्पनी ऐनमा गरिएको हो ।

जग्गा जमिन वा अन्य सम्पत्ति दिएर सेयर लिने व्यवस्था कम्पनी कानुनमा अहिले पनि भए पनि आइडिया वा ख्यातिलाई सेयरमा गणना गर्ने व्यवस्था छैन । त्यसमा सुधार गर्न खोजिएको ती अधिकारीले बताए ।

त्यसैगरी, कर्मचारीलाई प्रदान गरिने पारिश्रमिक, भत्ता र सुविधाको साटोमा कम्पनीले शेयरमा हक प्रदान गर्न सक्ने व्यवस्था पनि गर्ने प्रस्ताव गरिएको छ । हाल यो व्यवस्था पनि कानूनमा छैन । प्राइभेट कम्पनीको दायित्व भन्दा सम्पति बढी भएकोमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी प्रिमियम मूल्यको शेयर जारी गर्दा कार्यालयको थप स्वीकृति र तीन वर्षको लेखापरीक्षण आवश्यक नपर्ने व्यवस्था गरिएको छ ।

प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत हुँदा कारोबार गर्ने स्वीकृति आवश्यक नपर्ने व्यवस्था छ । हाल यी दुवै अवस्थामा कम्पनी रजिष्ट्रार कार्यालयको स्वीकृति आवश्यक पर्छ ।

बैंक, वित्तीय तथा बीमा क्षेत्रसँग सम्बन्धित पब्लिक कम्पनी बाहेक एउटा पब्लिक कम्पनीको त्यस्तो व्यक्ति समान उद्देश्य भएको अर्को पब्लिक कम्पनीमा सञ्चालक हुन सक्ने व्यवस्था पनि कम्पनी ऐनमा गरिएको छ ।

विवरण वा सूचना वा जानकारी उपलब्ध नगराउने कम्पनीलाई दुई आर्थिक वर्षको समय प्रदान गरी जरिवाना रकममा ९० छुट दिने व्यवस्था गरिएको छ । सञ्चालनमा नहरेका कम्पनीको दर्ता खारेजीलाई सहजीकरण गर्ने व्यवस्था पनि गरिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# समीरका लागि विराजले किनिदिए ३ करोडमाथिको गाडी

काठमाडौं/अचेल कलाकारहरुले गाडी खरिद गर्नु सामान्य बनिसकेको छ । तर, आम मानिसका लागि भने यो चासोको विषय बन्ने गरेको छ । यसैले त यतिबेला अभिनेता विराज भट्टले खरिद गरेको गाडीको सामाजिक सञ्जालमा व्यापक चर्चा भइरहेको छ । चर्चा हुनुको मुख्य कारण चाहिँ गाडीको मूल्य हो । विराजले खरिद गरेको गाडीको मूल्यले ठूलो 'क्यानभास'मा एउटा फिल्म नै निर्माण हुन्छ ।

विराजले शुक्रबार चाबहिलस्थित टोयोटाको सोरुमबाट विलासी गाडी मानिने ल्याण्ड क्रूजर २५० खरिद गरेका हुन् । दशकअघिका चर्चित कोरियोग्राफर वसन्त श्रेष्ठको साथमा सोरुम पुगेका उनले उक्त गाडी ३ करोड ३२ लाख मूल्यमा खरिद गरेको जनाइएको छ । नेपाली कलाकारहरुमा ल्याण्ड क्रूजर गाडी खरिद गर्ने विराज नै पहिलो हुन् ।

गाडी खरिद गरेपछि विराजले सोरुममै केक काटेका थिए भने आफैंले गाडी हाँकेर बाहिरिएका थिए । बुझिए अनुसार उनले छोरा समीर भट्टका लागि गाडी किनेका हुन् । समीर यतिबेला पूर्वमा 'बलिदान'को छायांकनमा व्यस्त भएकाले उनी गाडी खरिदको बेला उपस्थित हुन सकेका थिएनन् । विराजले समीरलाई छायांकन सेटमै पुगेर गाडी उपहारस्वरुप प्रदान गर्न लागेको बुझिएको छ ।

विराजले ल्याण्ड क्रूजर जस्तो महंगो गाडी खरिद गर्नुमा यही दशैंमा आएको '१२ गाउँ'को सफलता महत्त्वपूर्ण छ । यो फिल्मबाट उनले कम्तिमा पनि १० करोड नाफा कमाएका छन् ।






समीरको क्रेजकै कारण फिल्मको यो सफलता सम्भव भएको धेरैको बुझाइ छ । यसैले पनि विराजले समीरका लागि नेपाली कलाकारहरुले नै चढ्न नसकेको गाडी खरिद गरेका हुन् ।

विराज चाँडै '१२ गाउँ'कै सिक्वेल बनाउने तयारीमा छन् । उनले चलचित्र विकास बोर्डबाट पुष दोस्रो साता सिक्वेलका लागि निर्माण इजाजत लिइसकेका छन् । फिल्ममा विराजसहित समीर भट्ट र सनिशा भट्टराईको मुख्य भूमिका रहने इजाजत पत्रमा उल्लेख छ । बजारको चर्चा अनुसार यो फिल्मलाई आगामी दशैंमा रिलिज गर्ने तयारीमा विराज छन् । फिल्मको निर्देशन उनी आफैंले गर्नेछन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

### मउवा संघ निर्वाचन: मतदान १८१६, सचिवमा खतिवडा र कार्की बराबर मत

# एसोसियटमा चौलागाई र वस्तुगतमा अधिकारी बिजयी

साझाकुरा संवाददाता

हेटौंडा, २५ पुस/ उद्योगी, व्यवसायीको छाता संगठन मकवानपुर उद्योग वाणिज्य (मउवा) संघको २१ पदमा पदाधिकारी तथा सदस्य चयन गर्न आज शनिवार भएको निर्वाचनमा एक हजार आठ सय १६ ले मतदान गरेका छन् ।

संघको कुल २८ पदका लागि बिहीवार साढे १० बजेदेखि १२ बजेभित्रमा ४९ जनाले उम्मेदवारी दर्ता गराएकोमा ७ जना निर्विरोध भएका थिए । बाँकी २१ पदमा ४२ जना उम्मेदवारबीच चुनावी प्रतिस्पर्धा भएको हो । बिहान ९:३० बजेदेखि ४:३० बजेसम्म मतदान चलेको थियो । मतदान कार्य पल्पसा सभाहलभित्र भएको थियो । मतदात सकिएलगत्तै पल्पसामा नै मतगणना सुरु गरिएको हो । यसवर्षको निर्वाचनमा २ हजार ४६ जना मतदाता भएपनि १८१६ जनाले मात्र मतदान गरेका थिए ।



एसोसिएसटतर्फ उपाध्यक्षमा विष्णु खनाललाई पराजित गर्दै उज्ज्वल चौलागाईं बिजयी भएका छन् । एसोसिएट सदस्यमा अंकिता सुमार्गी र नवराज खतिवडा बिजयी भएका छन् । सुमार्गीले ५४ मत, खतिवडाले ६४ मत प्राप्त गर्दा पुजन विडारीले ३८ मत ल्याएका छन् । वस्तुगतर्फ उपाध्यक्षमा खाद्यान्न व्यवसायी संघका काव्यमणि अधिकारी बिजयी भएका छन् । अधिकारीले १५ मत प्राप्त गर्दा ढुवानी एसोसिएसनका प्रदीप अर्याल ११ मतका साथ पराजित भएका हुन् ।

वस्तुगतकै सचिवमा कपडा तथा तयारी पोशाक संघका नेत्रप्रसाद खतिवडा र क्रसर उद्योग व्यवसायी संघका राजाराम कार्कीले १३/१३ मत ल्याएर बराबरीमा उभिएका छन् । मतगणनामा बराबरी (ड्र) भएपछि सपथग्रहणका दिन गोलाप्रथाबाट बिजेता चयन गरिने सहमति भएको निर्वाचन संयोजक ईश्वरराज ढकालले जानकारी दिए । वस्तुगतमा व्यवसायीहरुको पेशागत संस्थाको आबद्धता रहेको हुन्छ ।

वस्तुगत सदस्यमा घर जग्गा व्यवसायी संघका शम्भु पुडासैनीले १२ मत ल्याएर बिजयी भएका छन् । वस्तुगततर्फ १ सदस्य पद रहेको छ । फर्निचर व्यवसायी संघका कृष्णप्रसाद अर्याल ११ मत, क्यान महासंघका गोविन्द चौलागाईले ३ मत प्राप्त गरेका छन् । मुद्रण उद्योग संघका राजु नेपालको पिता गोकुल नेपालको बिहीबार निधन भएपछि उमेद्वारी दिएका नेपाल बाबुको काजकिरियामा बसेका छन् ।

संघमा १ अध्यक्ष, ४ उपाध्यक्ष (एसोसिएसट, वाणिज्य, उद्योग र वस्तुगततर्फ), १ महासचिव, १ कोषाध्यक्ष, ४ सचिव र १ सहकोषाध्यक्ष, एसोसिएटतर्फ ४ सदस्य, वाणिज्यतर्फ ७ सदस्य, उद्योगतर्फ ४ सदस्य, वस्तुगततर्फ १ सदस्य रहने ब्यवस्था छ । संघको यसपालीको निर्वाचनका लागि ५७ औं साधारणसभाबाट विधान संशोधन गरेर प्रत्येक पदमा प्रत्यक्ष निर्वाचन हुने व्यवस्था कायम गरिएको थियो । विगतमा अध्यक्षले निर्वाचित सदस्यमध्येबाट महासचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष मनोनित गर्ने व्यवस्था थियो ।

संघको ३ वर्षे कार्यकालको नेतृत्वका लागि वर्तमान वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल र वर्तमान उपाध्यक्ष प्रमोदसिंह रानाभाट प्यानल बनाएर चुनावी मैदानमा उत्रिएका हुन् । महासचिवमा प्रतिमा श्रेष्ठ र विकेशलाल श्रेष्ठ, कोषाध्यक्षमा तेजराज अधिकारी र कृष्ण कर्माचार्य 'भाइ' तथा सहकोषाध्यक्षमा निलम वैद्य र राधिका सामरी पाण्डेबी च निर्वाचन भएको निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता ढकालले जानकारी दिए ।

उद्योगतर्फ उपाध्यक्षमा दीपक उप्रेती र रविन्द्र घिमिरे, सदस्यमा कृष्णगोपाल महर्जन, कृष्णराज कोइराला (कृष), जगदीश दाहाल, दीपक शिवाकोटी र भुपेन्द्रप्रसाद अधिकारी र उद्योगतर्फकै महिला आरक्षण सदस्यमा मेनका श्रेष्ठ र सीतादेवी भेटवाल चुनावी मैदानमा छन् ।

वाणिज्यतर्फ उपाध्यक्षमा राजु अधिकारी र रामप्रसाद न्यौपाने, वाणिज्यको सचिवमा दिवस पराजुली र कुलप्रसाद चौलागाईं, सदस्यमा बालकृष्ण बजगाई, विष्णुप्रसाद दाहाल, यज्ञबहादुर राय (विनोद), राजेन्द्र लामिछाने, राजदेव बानियाँ, रविन ढकाल, सन्तोष घिमिरे, होमनाथ खनालको बीचमा निर्वाचन भएको निर्वाचन अधिकृत ढकालले जनाए । यो समाचार तयार पार्दा मतगणना जारी रहेको छ ।

# मनहरीको सवारी दुर्घटनामा दुईजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिकामा कार र स्कर्पियो एकआपसमा ठोक्किएर दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ ।

शनिवार वीरगञ्जबाट चितवनतर्फ जाँदै गरेको बागमती प्रदेश ०१-०२६ च ५२५० नम्बरको स्कर्पियो र चितवनबाट हेटौंडातर्फ आउँदै गरेको बा १६ च ८३२४ नम्बरको कार पूर्व-पश्चिम राजमार्ग अन्तर्गत मनहरी-६ मा ठोक्किएको थियो । चालक हेटौंडा-४ स्कुलरोड बस्ने ६० वर्षीय सुरेन्द्रलाल श्रेष्ठको मृत्यु भएको मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए । मृतक श्रेष्ठ राष्ट्रिय खेलकुद विकास परिषद्का कराते प्रशिक्षक हुन् । उनको मृत्युप्रति जिल्लास्थित खेलकुद सम्बद्ध संघसंस्थाले दुःख व्यक्त गरेका छन् ।



कारमा सवार चितवनको राप्ती नगरपालिका-२ गड्यौली बस्ने ५० वर्षीय सुनिता श्रेष्ठको उपचारको क्रममा नयाँ मेडिकल कलेज भरतपुरमा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा परी कुल १४ जना घाइते भएका थिए । जसमध्ये दुईजनाको मृत्यु भइसकेको छ भने बाँकीको उपचार जारी छ । कारलाई ठक्कर दिने स्कर्पियो चालक रौतहट घर भई पर्साको बीरगञ्ज बस्ने २० वर्षीय किशन जैसवाल फरार रहेको डिएसपी अर्यालले जानकारी दिए ।

दुर्घटना हुँदा कारमा सवार चितवनको राप्ती-२ गड्यौली बस्ने ५५ वर्षीय ओमकुमार श्रेष्ठ, राप्ती-२ कै ५० वर्षीया सुनिता श्रेष्ठ र २१ वर्षीया सुमिना श्रेष्ठ, स्कार्पियोमा सवार पर्साको बीरगञ्ज-२ छपकैया बस्ने २६ वर्षीय पूजादेवी साह, सोही ठाउँकी ८ वर्षीया प्रियान्सी साह, २३ वर्षीय सुरदीदेवि, २१ वर्षीया निशाकुमारी साह घाइते भएका छन् ।

यसैगरी, बीरगञ्ज-२ छपकैयाका १५ वर्षीय ओम शंकर साह, १९ वर्षीय राजिवकुमार साह, १९ वर्षकी आरतिकुमारी साह, ४ वर्षीया दिव्याकुमारी साह, १६ वर्षीय सरोज शर्मा, १९ वर्षीया रोशनी शर्मा घाइते रहेको डिएसपी अर्यालले जानकारी दिए । घाइते अधिकांशको हात, खुट्टा र शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको डिएसपी अर्यालले बताए । घाइते सबैलाई उपचारका लागि चितवनको भरतपुरमा पठाइएको थियो ।

# ५९ जनालाई अपाङ्गता परिचयपत्र

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ मकवानपुरको राक्सिराङ गाउँपालिकाले ५९ जनालाई अपाङ्गता परिचयपत्र प्रदान गरेको छ । अपाङ्गता परिचयपत्र प्राप्त गर्नेमा वडा नम्बर ६ निवासी दृष्टिबिहिन गायक जिस्तालाल चेपाङ समेत रहेका छन् ।

पालिकाले यही पुस १८ र १९ मा संचालन गरेको अपाङ्गता भएका ब्यक्तिको स्वास्थ्यपरीक्षण तथा अपाङ्गता परिचयपत्र बितरण कार्यक्रम मार्फत यो संख्या थप भएको हो । दुई दिनसम्म संचालन गरिएको कार्यक्रम राक्सिराङ गाउँपालिका वडा नम्बर ६ र ७ मा संचालित भएको थियो । कार्यक्रम मार्फत ८ जनाले 'क' बर्गको परिचयपत्र, १९ जनाले 'ख' बर्ग, १४ जनाले 'ग' बर्ग र १८ जनाले 'घ' वर्ग गरी ५९ जनाले अपाङ्गता कार्ड प्राप्त गरेका हुन् ।

अपाङ्गता कार्ड प्राप्त गरेसँगै अपाङ्गता भएका ब्यक्तिको लागि राज्यबाट सामाजिक सुरक्षाभत्ता, सेवासुविधामा समेत समावेश गर्न सजिलो भएको वडा नम्बर ६ का अध्यक्ष अक्कलबहादुर मुक्तानले बताए । गत आर्थिक वर्षमा गाउँपालिकाले सञ्चालन गरेको घर धुरी सर्वेक्षणमा अपाङ्गता भएका व्यक्तिको संख्या उल्लेख्य मात्रामा देखिएको तर, परिचयपत्र प्राप्त नगरेको देखिएपछि पालिकाले शिविर नै सञ्चालन गरेको हो ।

भौगोलिक विकटता र शारीरिक अशक्तताका कारण समुदाय भित्रका अपाङ्गता भएको व्यक्तिको वास्तविक तथ्यांक बाहिर आउन नसकेको गाउँपालिकाकी महिला तथा बालबालिका शाखाप्रमुख गोमा पन्थीले जानकारी दिइन् । गत वर्ष पालिकाद्वारा संचालन गरेको घर धुरी सर्भेक्षणमा देखिएको अपाङ्गता भएको व्यक्तिको स्वास्थ्यपरीक्षण र अपाङ्गता कार्ड बितरणको लागि मेडिकल टिम सहित टोल-टोलमा पुगेको थियो ।

यसभन्दा अघि पालिकाभित्र ४८ जनाले 'क' बर्ग, ६१ जनाले 'ख' बर्ग, ३१ जनाले 'ग' बर्ग र १३ जनाले 'घ' बर्गको अपाङ्गता कार्ड प्राप्त गरेका थिए । कार्यक्रममा वडा नम्वर ६ र ७ का वडाअध्यक्ष मुक्तान र रामबहादुर प्रजा सामाजिक विकास शाखाप्रमुख गोबिन्द अधिकारी, महिला तथा बालबालिका शाखाप्रमुख पन्थी र स्वास्थ्यकर्मीलगायत अन्यको उपस्थिति रहेको थियो ।

# किसान कल्याण सहकारीको ९ करोड कारोबार, अध्यक्षमा लामा

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/हेटौंडा उपमहानगरपालिका-८ कमानेस्थित किसान कल्याण बहुउद्देश्यी सहकारी संस्थाको अध्यक्षमा पुनः मोतिलाल लामा चयन भएका छन् ।

शनिबार भएको संस्थाको २५ औं वार्षिक साधारणमाबाट अध्यक्षमा लामा चयन भएका हुन् । समितिको उपाध्यक्षमा रमेशकुमार पौडेल सचिवमा कृष्णबहादुर श्रेष्ठ कोषाध्यक्षमा उमानाथ आचार्य चयन भएका छन् । त्यस्तै, सदस्यमा कृष्णबहादुर श्रेष्ठ (क), रामप्रसाद ढकाल, गोपिनी खतिवडा, मीराकुमारी पौडेल, कल्पना विश्वकर्मा, कुमार बहादुर केसी र धनलक्ष्मी थापा चयन भएका हुन् ।

लेखा समितिको संयोजकमा यशोदाकुमारी उप्रेती चयन भएकी छिन् । समितिको सदस्यमा भने टीकाप्रसाद कंडेल र गोकर्ण तिवारी चयन भएका छन् । सहकारीले विभिन्न विधामा सम्मान तथा पुरस्कार प्रदान गरेको थियो । सम्मानित हुनेमा संस्थापक अध्यक्ष ध्रुवराज पुडासैनी, जेष्ठसदस्य चेतनाथ आचार्य, मानबहादुर वयलकोटी, फूलबहादुर स्याङ्तान र सुनचरी स्याङ्तानलाई सम्मान गरिएको छ । धितोकर्जातर्फ सजिना डिम्डुङ, पदमादेवी थापा र नुरेशा खातुन, विना धितोकर्जातर्फ राजु योन्जन, मैया गुरुङ, गोकुलबहादुर चुनी, नियमित मासिक बचततर्फ उर्मिला नेपाल र मानबहादुर बललाई सम्मान गरिएको थियो ।

सञ्चारकर्मीतर्फ सुजन ढकाल, विशेष सम्मानबाट गोतामे मुक्तान र धनबहादुर डिम्डुङलाई नगद सहित सम्मान गरिएको थियो । बालबचततर्फ रिदम स्याङ्तान र प्रशन्ना भट्टराईलाई पुरस्कृत गरिएको थियो । एसइइतर्फ वर्षा लामा, एन्जिला थापा, प्रतीक गौतम, युनिशा आचार्य, सधिन बस्नेतलाई पुरस्कृत गरिएको थियो भने खेलतर्फ सौगात डिम्डुङलाई सम्मान गरिएको थियो ।

संस्थाका अध्यक्ष मोतिलाल लामाको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा सभा भएको हो । सभामा जिल्ला सहकारी संघका उपाध्यक्ष मेनुका घिमिरे दाहाल, जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, वडासदस्य राजु मुक्तान, गोरखबहादुर राय, हेटौंडा साकोसका अध्यक्ष ईन्द्रबहादुर बस्नेत, सर्वोत्तम संचिति साकोसका उपाध्यक्ष हरिमाया ढकाल, नारायणी बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष जंगबहादुर गुरुङलगायतको आतिथ्यता रहेको थियो ।

बचत, ऋृणको कारोबारसँगै तेल उत्पादन गर्दै आइरहेको सहकारीले आफ्ना सदस्यलाई ६ करोड २० लाख ५ हजार ८४३ रुपैयाँ कर्जा लगानी गरेको छ । एक करोड ३ लाख ६३ हजार ३ सय शेयरपुँजी रहेको सहकारीमा तीन करोड ५६ लाख ९० हजार ६७६ रुपैयाँ निक्षेप रहेको व्यवस्थापक केशवकुमार शाहीले बताए । सहकारीले ८ करोड ९४ लाख ३० हजार ३४० रुपैयाँको कारोबार गरेको छ ।

# ज्ञानदीप बहुउद्देश्यीय सहकारीको सभा

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/हेटौंडा उपमहानगरपालिका-४ स्थित ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्थाको २५ औं वार्षिक साधारणसभा शनिबार भएको छ । संस्थाका अध्यक्ष ऋषिराम पोखरेलको सभाध्यक्षता तथा राष्ट्रिय सहकारी महासंघका सदस्य बद्रीप्रसाद लम्सालको प्रमुख आतिथ्यतामा सभा भएको हो ।



सभामा विभिन्न विधामा सदस्यलाई सम्मान गरिएको थियो । सम्मानित हुनेमा निवर्तमान उपाध्यक्ष गोविन्द चौलागाई, पूर्वउपाध्यक्षद्धय भुपेन्द्र खड्का, विश्वनाथ रेग्मी, पूर्वप्राचार्य खीलप्रसाद बराल (निमेष), सामाजिक अभियन्ता अर्पण पराजुली, साहित्यकार/सञ्चारकर्मी नवराज शर्मा र मरणोपरान्त सम्मानबाट स्व. बलराम शर्माको परिवारलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा जिल्ला बहुउद्देश्यीय सहकारी संघका सदस्य भोगेन्द्र लुईटेल, राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्याल, हातेमालो साकोसका अध्यक्ष हरिप्रसाद पौडेल, मामाघर नेपालका संरक्षक अर्पण पराजुली, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमिला सापकोटा, सल्लाहकार विश्वनारायण श्रेष्ठ, कानूनी सल्लाहकार शिवप्रसाद बन्जारा, विद्यालयका प्राचार्य ईश्वर लामिछाने, लेखा समितिका संयोजक गौतम केसीलगायतको आतिथ्यता थियो ।

५९२ जना शेयर सदस्य रहेको सहकारीमा ९४ लाख ४० हजार शेयरपुँजी रहेको छ । एक करोड ६५ लाख २६ हजार १४५ रुपैयाँ जगेडा कोषमा रहेको सहकारीमा ५६ लाख ७६ हजार २६५ रुपैयाँ बचतनिक्षेप रहेको प्रतिवेदनमा उल्लेख छ । विद्यालय सञ्चालन गर्दै आइरहेको सहकारी अब कम्पनी मार्फत विद्यालय सञ्चालन गर्ने तयारी गरेको जनाइएको छ ।

सभाबाट सहकारी छुट्टै र विद्यालयलाई कम्पनीमार्फत सञ्चालन गर्ने भनि प्रस्ताव प्रस्तुत गरिएको थियो । सभामा कम्पनी र सहकारीको समस्या, शिक्षक शिक्षिकाको र विद्यार्थीको समस्यालाई मिलाएर १३ कठ्ठा जमिन र विद्यालयका भवन अब कसको नाममा हुने कम्पनी कि सहकारी ? सबै स्पष्ट भएपछि मात्रै अघि बढ्न शेयर सदस्यले सुझाव प्रदान गरेका थिए ।

# तीलगंगा सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ मकवानपुरगढी गाउँपालिका-५ सिमलटारस्थित तीलगंगा महिला बहुउद्देश्यीय सहकारी संस्थाको २२ औं वार्षिक साधारणसभा भएको छ ।

संस्थाका अध्यक्ष राधिका छत्कुलीको सभाध्यक्षता तथा कार्यपालिका सदस्य नन्दकुमारी विश्वकर्माको प्रमुख आतिथ्यतामा सभा भएको थियो । सभामा विभिन्न विधामा सदस्यलाई सम्मान गरिएको थियो । संस्थापक सदस्यतर्फ टीकाकुमारी अधिकारी, सेवकुमारी हुमागाईलाई सम्मान गरिएको थियो । त्यस्तै, सर्वाधिक बचतकर्ता नमिता घिमिरे, असल ऋृणीतर्फ लालकुमारी श्रेष्ठ र बाल बचतकर्तातर्फ शुलभ अधिकारी, श्रीजल दाहाल र सुमिना परियारलाई सम्मान गरिएको थियो ।

सभामा अध्यक्ष छत्कुलीले संस्थाको प्रगति प्रतिवेदन पेश गरेकी थिइन् । व्यवस्थापक सरिता तिमल्सिनाले आव ०८१/८२ को अनुमानित आयव्यय प्रस्तुत गरिनुका साथै आगामी वार्षिक नीति तथा कार्ययोजना प्रस्तुत गरेकी थिइन् । सहकारीले आफ्ना शेयरसदस्यलाई एक करोड ६६ लाख ४५ हजार ११० रुपैयाँ कर्जा लगानी गरेको छ भने बचत निक्षेपमा एक करोड ४७ लाख ४३ हजार ९९६ रुपैयाँ रहेको व्यवस्थापक तिमल्सिनाले बताइन् ।

संस्थाको जगेडाकोषमा ८ लाख ६७ हजार ७५४ रुपैयाँ र शेयरपुँजी १७ लाख ५६ हजार रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ । सभामा संस्थाका निवर्तमान अध्यक्ष कुलकुमारी छत्कुली, लेखा समिति संयोजक अम्बिका दुलाललगायतको आतिथ्यता रहेको थियो ।


## मकवानपुर चिकित्सा गुठीको
## प्रथम साधारण सभा सम्बन्धी सूचना

यस गुठीको प्रबन्ध समितिको निर्णयानुसार यस गुठीको प्रथम साधारण सभा यही २०८१ साल माघ ३० गते बुधवारका दिन हेटौंडामा हुन गई रहेकोले गुठीका सदस्य एवम् सरोकारवाला सबैमा उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**मकवानपुर चिकित्सा गुठी**
हेटौंडा २, मकवानपुर



## शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०९/२२ गते*

उपरोक्त सम्बन्धमा यस विद्यालयको वि.व्य.स.को मिति २०८१/०९/२१ को बैठक निर्णय तथा मनहरी गा.पा. शिक्षा शाखाको च.नं. ५०८, मिति २०८१/०९/२१ को अनुमति अनुसार यस विद्यालयमा रिक्त रहेको नि.मा.वि. संघीय अनुदान कोटामा शिक्षक पदपुर्तिको लागि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र इच्छुक उम्मेदवारहरुबाट तपशिलका कागजातहरु सहित दरखास्त आव्हान गरिन्छ ।

**तपशिल :**

| क्र.सं. | विज्ञापन नं. | तह विषय | प्रकार | पद संख्या | कै. |
|---|---|---|---|---|---|
| १. | ०२/२०८१/०८२ | नि.मा.वि./गणित | संघीय अनुदान | १ (एक) | |

२. शैक्षिक योग्यताः प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण ।
३. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
४. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता र आवश्यक परेमा कक्षा अवलोकन पनि गर्न सकिने ।
५. तलव भत्ताः नेपाल सरकार संघीय सर्सत अनुदान अनुसार हुनेछ ।
६. दरखास्त दस्तुर रु. १००० (एक हजार मात्र । निवेदन साथ पेश गर्नुपर्ने ।
७. दरखास्त दिने अन्तिम मिति २०८१/०९/२८ गते सम्म करार सूचिमा रहेकाको लागि मात्र ।
८. अन्य सबै उमेदवारहरुको लागि दरखास्त दिने अन्तिम मिति : २०८१/१०/०७ गते दिनको ४:०० बजे सम्म ।
९. दरखास्त दिने स्थानः सम्बन्धित विद्यालयको प्रशासन शाखा ।
१०. सम्पर्क मितिः २०८१/१०/०८ गते ।
११. परीक्षा मितिः सम्पर्क मितिमा तोकिनेछ ।
१२. आवश्यक कागजातहरु :
क) हस्तलिखित निवेदन १ प्रति (उमेदवारको सम्पर्क नं. अनिवार्य उल्लेख हुनुपर्ने) ।
ख) शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति ।
ग) नेपाली नागरिकताको प्रतिलिपि १ प्रति ।
घ) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ प्रति ।
ङ) सबै कागजातहरुको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणित गरेको हुनुपर्नेछ ।

**श्री युवा वर्ष गंगा आधारभूत विद्यालय**
मनहरी-९, रजैया, मकवानपुर
**सम्पर्क नं.** : ९८४५०७१९१२ (प्र.अ.), ९८६५१९१३०५ (वि.व्य.स. अध्यक्ष)



Bagamati Province Government
Ministry of Social Development
**Social Development Office,**
**Hetauda, Nepal.**

## Invitation for Sealed Quotation

**Date of publication: 2081/09/28 (2025/01/12)**

1. **Social Development Office, Hetauda, Nepal,** invites only Hard copy Bid from eligible bidders for the construction of works as mentioned below.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office, Social Development office, Hetauda, Nepal.
3. Sealed Quotation forms may be purchased by eligible bidders on the submission of a written application and upon payment of a non refundable fee of 1000.0
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: RastriyaBanijyaBank Ltd. Hetauda, Nepal.
   Name of the Office: Social Development Office, Nepal.
   Office Code no. : 3500132043
   Rajaswa (revenue) Shirshak no.:14229
   Revenue Account No. 1000100200010000
   Dharauti Account Name: Provincial Treasury Comptroller Office, Hetauda, Nepal.
   Dharauti Account no.: 1300100202030000
4. Bids must be submitted to the office Social Development office, Hetauda, Nepal, before 12:00 on **2081/10/14.**
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 on **2081/10/14** at the office of Hetauda, Nepal.
6. Bid must be valid for a period of 45 days after bid opening & must be accompanied by a bid security amounting to a minimum of Nrs.45000/- which shall be valid for 30 days beyond the validity period of the bid i.e.75 days.

| SN | Description of Work and Contract No. | Estimate Amount W/O Vat & PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Security Period (Days) | Non-Refundable Fee for Bid Documents |
|---|---|---|---|---|---|
| 1. | Construction of JanajyotiMabiKhurkot Unfinished Building at golanjor-7, Sindhuli. **SDOHETAUDA/NCB/SQ/01/080-81** | 1702957.54/- | 45000/- | 75 | 1000 |
| 2. | Maintenance Class room MaiyadeviKanya College at Bharatpur-10, Chitwan. **SDOHETAUDA/NCB/SQ/02/080-81** | 1688303.94/- | 45000/- | 75 | 1000 |
| 3. | Construction of School Building KrishnanagarMahi at Madi-9, Chitwan. **SDOHETAUDA/NCB/SQ/02/080-81** | 1688578.72/ | 45000/ | 75 | 1000 |

**Office Chief**


साझाकुरा राष्ट्रिय दैनिकका लागि सचिन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना